जनकपुर टुडेको सम्पर्क नं.
९८५४०२६०२५, ९८०१६२६०२६, ०४१-५९११०१
विज्ञापनको लागि मात्र
jtodayad@gmail.com

छिटो र सर्वाधिक बिक्री हुने
मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक
# जनकपुर टुडे
Janakpur Today Daily
www.ejanakpurtoday.com

आत्महत्या समस्याको समाधान होइन, अमुल्य जीवन त्यसै खेर नफालौं ।
नेपाल सरकार
विज्ञापन बोर्ड

वर्ष २५ •अंक ७४ • २०७९ साल साउन १७ गते मंगलबार (2 August, Tuesday, 2022) •पृष्ठ ८ •मूल्य रु. ५।-

# नागरिकता विधेयकको प्रमाणीकरण रोक्न अभियान

**टुडे समाचारदाता**

काठमाण्डु ।प्रतिनिधि सभा र राष्ट्रिय सभाबाट पारित भएको नागरिकता संशोधन सम्बन्धी विधेयकलाई प्रमाणीकरण रोक्न एमाले लगायत केही संघसंस्थाहरुले अभियान चलाएका छन् ।

संघीय संसदबाट पारित भई प्रमाणीकरणको लागि राष्ट्रपति कार्यालयमा पुगेको नेपाल नागरिकता ऐन, २०६३ लाई संशोधन गर्न बनेको विधेयक-२०७९ को देशभक्त नागरिक समूहले परिमार्जनको माग गरेको छ ।

सोमबार रिपोर्टर्स क्लब नेपालमा पत्रकार सम्मेलनको आयोजना गर्दै नागरिकता विधेयकलाई परिमार्जनको लागि पुनर्विचार गरियोस् भनेर राष्ट्रपति विद्यादेवी भण्डारीलाई ध्यानाकर्षण पत्र बुझाएको पनि उक्त समूहले जनाएकोछ ।

प्रतिनिधि सभा र राष्ट्रिय सभाबाट पारित भइसकेको सो विधेयकलाइ प्रतिनिधि सभाका सभामुख अग्निप्रसाद सापकोटाले आइतवार प्रमाणीकरण गरेका थिए ।सभामुखले प्रमाणीकरण गरेको सो विधेयक राष्ट्रपति विद्या देवी भण्डारीकोमा पुगेको छ ।त्यहाँबाट प्रमाणीकरण भएसँगै विधेयकले कानूनको रुपमा लागु हुनेछ ।

नेकपा एमालेले राष्ट्रघाती विधेयकलाई सत्तासीन गठबन्धनले बहुमतको भरमा पारित गरेको आरोप महासचिव शंकर पोखरेलले आरोप लगाएका छन् ।

> **यस अघि एमाले उपाध्यक्ष प्रदीप ज्ञवालीले विधेयकलाई राष्ट्रपतिले प्रमाणीकरण गर्न नहुने बताएका थिए ।विधेयक प्रमाणीकरण नगरी फिर्ता पठाउन ज्ञवालीले माग गरे लगतै महासचिव शंकर पोखरेललेपनि विरोध जनाएका छन् ।**

यस अघि एमाले उपाध्यक्ष प्रदीप ज्ञवालीले विधेयकलाई राष्ट्रपतिले प्रमाणीकरण गर्न नहुने बताएका थिए ।विधेयक प्रमाणीकरण नगरी फिर्ता पठाउन ज्ञवालीले माग गरे लगतै महासचिव शंकर पोखरेलले पनि विरोध जनाएका छन् ।

नेकपा (माओवादी केन्द्र) का पूर्व पोलिटब्युरो सदस्य नारायण शर्माले अहिले आएको नागरिकता विधेयक चरम राष्ट्रघाती रहेको आरोप लगाए । सरकारले विधेयक ल्याएर राष्ट्रको नाम निसान नै नष्ट गर्न खोजेको उनको कथन रहेकोछ । यसको विरोध सबैले गर्दै जानुपर्ने उनले बताए ।

एमालेले ४ वर्षदेखि अल्मलाएको नागरिकता सम्बन्धी विधेयकलाई पाँच दलीय गठबन्धन सरकारले फिर्ता लिएर द्रूतमार्गबाट नयाँ विधेयक पारित गरेको हो ।राष्ट्रपतिबाट प्रमाणीकरण भएपछि जन्मसिद्धका सन्तानले वंशजको नागरिकता लिने मार्ग प्रशस्त हुनेछ ।

नेपाली नागरिकसित विवाह गर्ने विदेशी महिलालाई अब वैवाहिक अंगीकृत नागरिकता लिन कठिनाई हुने छैन् ।एमालेले विवाह गरेको ७ वर्षपछि मात्र नागरिकता दिने प्रावधान नागरिकता संशोधन विधेयकमा राख्न चाहेका थिए ।

# जिममा आगलागी, करिब करोड़को क्षति

**टुडे समाचारदाता**

बर्दिबास । महोत्तरीको बर्दिबास १ स्थित जिम सेन्टरमा सोमवार दिउँसो भएको आगलागीले अन्दाजी ९० लाख बढीको क्षति भएको छ ।

पूर्वपश्चिम राजमार्ग पर्ने मुख्य चोकमा रहेको सिद्धार्थ बैंक भएको भवनमा सञ्चालित जिम सेन्टरमा विद्युत सर्ट भएर आगलागी भएको थियो ।

मोहमद फारुकको निजी घरको तेस्रो तल्लामा स्थानीय अभिषेक झाले सञ्चालन गरेको ३६५ फिटनेस जिम सेन्टरको ट्रेड मिल (दौडने मेसिन)बाट विद्युत सर्ट भएर आगलागी भएको इलाका प्रहरी कार्यालय बर्दिवासका प्रहरी नायव उपरीक्षक (डीएसपी) रवि रावलले जनाए ।

उनका अनुसार करिव एक घण्टापछि आगो नियन्त्रणमा आएको थियो । दिउँसो सवा २ बजे लागेको आगो स्थानीय बासिन्दा, नेपाल प्रहरी र सशस्त्रको सहयोगमा नियन्त्रणमा आएको थियो । नेपाली सेना र बर्दिबास नगरपालिकाको बारुणयन्त्रले आगो निभाएको थियो । आगलागीले फिटनेस जिम



सेन्टरमा प्रयोग भएको जिमको सामग्री जल्दा ९० लाख रुपैयाँ बराबरको क्षति भएको प्रहरीले जनाएको छ । ७० लाखको सामान र करिव २० लाखको सजावट जलेर पूर्णरुपमा नष्ट भएको बताइएको छ ।

आगो लागेको भवनको बीच तल्लामा सिद्धार्थ बैंक र भूई तल्लामा सटरमा पसलहरु रहेका छन् ।तर जिम सेन्टर बाहेक बैंक र पसलहरुमा क्षति नभएको प्रहरीले जनाएको छ ।

लामो समय आगो लागेको कारण बैंक भएको तल्लामा क्षति पुगेको भने अनुमान गरिएको छ ।

# चुनाव फागुनमा सार्ने तयारी

**टुडे समाचारदाता**

काठमाण्डु ।प्रतिनिधि र प्रदेश सभाको चुनाव मंसिरको पहिलो हप्ता हुने चर्चा चलिरहेको बेला सरकारले फागुनमा गर्ने तयारी गरेको छ । संघीय सरकारका संघीय मामिला तथा सामान्य प्रशासन मन्त्री राजेन्द्र श्रेष्ठले सोमवार केही नेताहरुसितको भेटमा चुनाव फागुनमा हुने जानकारी गराएको स्रोतले जनाए ।

'मंसिरमा चुनाव हुने संभावना छैन्' मन्त्री श्रेष्ठको भनाई उद्घृतगर्दै स्रोतले भने, प्रधानमन्त्री शेरबहादुर देउवाले फागुनमा चुनाव चाहेका छन् ।

निर्वाचन आयोगका प्रमुख आयुक्त दिनेश थपलिया नेतृत्वको टोलीले गत महिना नै प्रधानमन्त्री देउवासित भेट गरी मंसिर ४ गते एकै दिन देशभरि प्रतिनिधि सभा र प्रदेश सभाको चुनाव घोषणा गर्न सुझाव दिएका थिए । हुनत हालै कांग्रेसका प्रवक्ता डा.प्रकाशशरण महतले मंसिर ४ गते नै चुनाव हुने ठोकुवा गरेका थिए ।तर गठबन्धन सरकारमा जनता समाजवादी पार्टी(जसपा)को नेतृत्व गरिरहेका मन्त्री श्रेष्ठले फागुनमा चुनाव हुने प्रष्ट बताएका छन् ।

मंसिरको पहिलो हप्ता चुनाव घोषणा नभए सडक संघर्षमा उत्रने एमालेले धम्कीदिन थालेको छ ।

भर्ना खुल्यो ! भर्ना खुल्यो !!
प्राविधिक शिक्षा भविष्यको सुरक्षा
CTEVT बाट सम्बन्धन प्राप्त तथा विश्वविद्यालयहरूबाट समकक्षता प्राप्त यस नेपाल डेण्टल हस्पिटल एण्ड टेक्निकल रिसर्च इन्स्टिच्युट प्रा.लि. जनकपुरधाममा शैक्षिक सत्र २०७९/०८० मा पि.सी.एल. इन डेन्टल साइन्स (डेन्टल हाइजिनिष्ट) ३ वर्षे कोर्षमा भर्ना खुल्यो ।
विशेषताहरू :
१. नेपाल रकारको विभिन्न स्वास्थ्य ंस्थामा काम गर्न एवं लोकेवा आयोगको परीक्षामा ामेल हुन पाइने ।
२. स्वास्थ्य व्यवायी परिषद्ले तोकेको कार्यक्षेत्र भित्र रही डेण्टल क्लिनिक/अस्पताल ञ्चालन वा काम गर्न किने ।
३. CDS-DH अध्ययन पश्चात स्नातक तहको अन्य विषयमा अध्ययन गर्न पाउनुका ाथै नेपालमै Bachelor in Dental Surgery (BDS)/MBBS पढ्न पाइने (+2 Science को मकक्षता)
फाराम भर्ने अन्तिम मिति २०७९ श्रावण २६ गते सम्म
प्रवेश परिक्षा २०७९ भाद्र ४ गते शनिवार बिहान ११ बजे देखि
विस्तृत जानकारीका लागि
NEPAL DENTAL HOSPITAL & TECHNICAL RESEARCH INSTITUTE (P.) Ltd.
Janakpurdham - 7, Dhanusha
(भ्रमरपुरा चौक देखि परिक्रमा सडक जाने बाटोमा, जनकपुर ट्रमा सेन्टर हा स्पिटल देखी १०० मी. अगाडि)
Contact No. : - 9844022464, 9817686279, 9804871851

सही तरिकाले मास्क प्रयोग गर्ने विधि
मास्क कसरी लगाउने ?
१. हात राम्रोसँग धुने
सफा फेस मास्क छुनुअघि राम्रोसँग साबुन पानीले हात धुने अथवा सेनिटाइजरको प्रयोग गर्ने ।
२. तपाईंको अनुहारमा मास्क राख्नुहोस्
मास्कको सेतो रङको भाग अनुहारतर्फ ल्याउनुहोस् । मास्कको अर्को भाग अन्य रङको हुन्छ, प्राय निलो रङको हुने गर्छ र सेतो डोरीलाई कान पछाडि ल्याएर अड्याउनुहोस् ।
३. नाकमा परेको भागलाई थिच्नुहोस्
नाकमाथि परेको मास्कको भागलाई हल्का थिच्नुहोस् ।
४. मास्कलाई चिउँडो मुनि तान्नुहोस्
मास्कको तल्लो भागलाई चिउँडो मुनि तान्नुहोस् । निश्चित गर्नुहोस् कि मास्कले सधैँ तपाईंको नाक र मुख पुरै ढाक्दछ ।
५. मास्कलाई नछुनुहोस्
एक पटक तपाईंले आफ्नो अनुहारमा मास्क राम्रोसँग राख्नु भएपछि फेरी नछुनुहोस् । मास्क छोएमा केवल भाइरस सर्ने जोखिम बढ्दछ ।
मास्क कसरी फुकाल्ने ?
६. सावधानीपूर्वक मास्कलाई हटाउनुहोस्
केवल मास्कको किनार र कानको पट्टीहरू छोएर तपाईंको अनुहारबाट मास्क हटाउनुहोस् । मास्कको अगाडि नछुनुहोस्, किनकि त्यो दुषित हुन सक्छ ।
७. मास्कलाई फोहोर फाल्ने भाँडोमा फाल्नुहोस्
मेडिकल मास्क एक पटक मात्र प्रयोग गर्न मिल्छ / सकिन्छ । एक पटक मास्क हटाएपछि त्यसलाई फोहोर फाल्ने भाँडोमा फाल्नुहोस् ।
८. आफ्नो हात धुनुहोस्
मास्कको प्रयोग गरिसकेपछि आफ्नो हात साबुन पानीले धुनुहोस् ।
जिरा भवानी गाउँपालिका
सेढवा, पर्सा, मधेश प्रदेश

clear tv
SIM TV अब हर घर डिजिटल
MAX DIGITAL TV
NET TV DRIVEN BY INNOVATION
mero TV
Ch-44 Ch-146 Ch-48
टि भि टुडे जनकपुर घर घर सेट अप बक्समा
TV TODAY janakpur



महोत्तरीको सदरमुकाम जलेश्वरमा अवस्थित बाबा जलेश्वरनाथ मन्दिरको दर्शन गर्न आएका भक्तजन। तस्बिर : *रासस*

# थप ८९५ मा कोरोना संक्रमण, एक जनाको मृत्यु

काठमाण्डु । देशभर पछिल्लो २४ घण्टामा आठ सय ९५ जनामा कोभिड सङ्क्रमण पुष्टि भएको छ भने एक जनाको सङ्क्रमणका कारण मृत्यु भएको छ। सो अवधिमा पाँच हजार नौ सय नौ जनाको नमूना परीक्षण गरिएको थियो । तीन हजार छ सय ८५ जनाले पिसिआर र दुई हजार दुई सय २४ सय जनाको एन्टिजीन विधिबाट परीक्षण गरिएको स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले जनाएको छ।

गत २४ घण्टामा दुई ६४ जना कोरोना सङ्क्रमणमुक्त भएका छन्। यससँगै सङ्क्रमण मुक्त हुनेको संख्या नौ लाख ७० हजार तीन सय २६ पुगेको छ। सङ्क्रमण मुक्त हुने दर ९८ दशमलव तीन प्रतिशत रहेको मन्त्रालयले जनाएको छ।

पछिल्लो २४ घण्टामा ३३ हजार एक सय ७६ जनाले कोभिड बिरुद्धको खोप लगाएका छन् । हाल सक्रिय सङ्क्रमितको संख्या चार हजार नौ सय ३४ रहेको छ । अहिलेसम्म कोरोनाबाट मृत्यु हुनेको संख्या ११ हजार नौ सय ६८ पुगेको छ । होम आइसोलेशनमा चार हजार सात सय ९२, संस्थागत आइसोलेसन एक सय ४२ र आइसियू ३६ र भेन्टिलेटरमा पाँच जना सङ्क्रमित रहेका छन् ।

हाल देशभरमा पाँच सयभन्दा बढी सक्रिय सङ्क्रमित भएका जिल्ला काठमाडौँ र ललितपुर रहेका छन् भने तथा दुई सयभन्दा बढी सङ्क्रमित रहेका जिल्लामा कास्की रहेको छ । सून्य सङ्क्रमित रहेका जिल्लामा मनाङ, कालिकोट, मुगु, हुम्ला, बाजुरा, दार्चुला र बझाङ रहेका छन् । उपत्यकाका तीन जिल्लामध्ये हाल काठमाडौँमा दुई हजार आठ सय ७२ र ललितपुर पाँचा सय ४३ र भक्तपुरमा ३० सक्रिय सङक्रमित रहेको मन्त्रालयले जनाएको छ । रासस

# कोरोनाको उपचारका लागि १७ अस्पताल

काठमाण्डु । स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले कोरोना भाइरसको सङ्क्रमण बढ्दै गएपछि सातवटै प्रदेशका अस्पतालमा उपचारको व्यवस्था गरेको छ । मन्त्रालयले सातवटै प्रदेशमा १७ वटा अस्पतालमा उपचारको व्यवस्था मिलाएको छ।

मन्त्रालयका सहप्रवक्ता डा समीरकुमार अधिकारीले कोरोना भाइरसको मध्यम र गम्भीर अवस्थाका बिरामीलाई उपचारका लागि सातवटै प्रदेशमा रहेका १७ सङ्घ र प्रादेशिक अस्पतालको व्यवस्था गरिएको जानकारी दिनुभयो।

उहाँका अनुसार प्रदेश नं १ को कोसी अस्पताल विराटनगर र विपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान धरान, मधेस प्रदेशको जनकपुर प्रादेशिक अस्पताल जनकपुर र नारायणी अस्पताल वीरगञ्ज रहेका छन्।

यस्तै बागमती प्रदेशको शुक्रराज ट्रपिकल तथा सरुवा रोग अस्पताल टेकु, भरतपुर अस्पताल चितवन, वीर अस्पताल काठमाडौँ, त्रिभुवन विश्वविद्यालय (त्रिवि) अस्पताल र पाटन स्वास्थ्य विज्ञान प्रतिष्ठान तथा गण्डकी प्रदेशमा पोखरा स्वास्थ्य विज्ञान प्रतिष्ठान र धौलागिरि अस्पताल बागलुङ रहेका छन्।

यस्तै लुम्बिनी प्रदेशको लुम्बिनी प्रादेशिक अस्पताल बुटवल र भेरी अस्पताल नेपालगञ्ज, कर्णाली प्रदेशमा कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठान जुम्ला र सुर्खेत प्रादेशिक अस्पताल वीरेन्द्रनगर तथा सुदूरपश्चिम प्रदेशमा सेती प्रादेशिक अस्पताल धनगढी र डडेल्धुरा अस्पताल रहेका छन्। रासस

# सिंधारा दुज तीज महोत्सव सम्पन्न

**टुडे समाचारदाता**

जनकपुरधाम । मारवाडी समुदायकी महिलाहरुले धुमधामका साथ सिंधारा दुज तीज महोत्सव मनाएकी छन् । मारवाडी महिला मञ्च जनकपुरधामको आयोजनामा मारवाडीसेवासमितिकोसभाहलमा एक विशेष समारोहको आयोजना गरी समुदायकी महिलाहरुले विधि पूर्वक तथा परम्परागत नाचगान गर्दै हर्षोल्लासका साथ सिंधारा दुज तीज महोत्सव मनाएकी हुन।

मारवाडी अगुवा महिलाहरुका अनुसार भारतको राजस्थानबाट आएको यो परम्परागत पर्वमा खानपान र नाचगान गरी ठूलाबडाले आफू भन्दा कनिष्ठ छोरीबुहारीलाई आशीर्वाद र उपहार दिने गर्दछ। शिव र पार्वतीको पूजा आराधना गर्दै श्रावणको तीजलाई हरियाली तीजको रुपमा मनाउने गरिएको उनीहरु बताउछन्।





नेपालीकी हिन्दु नारीहरुले नयाँ रंगविरंगी कपडा सहित मनाइने तीज पर्व जस्तै मारवाडी समुदायकी महिलाहरु यस पर्वलाई मनाउने गर्छिन । कार्यक्रममा रातो, हरियो सोडी सुट, चुरापोते र हातमा मेहंदी सहित आकर्षक श्रृङ्गारमा सजिएकी समुदायकी महिलाहरु सामूहिक रुपमा नाचगान गर्दै पर्व मनाइरहेको दृश्य रोचक देखिएको थियो।

कार्यक्रममा राष्ट्रिय मारवाडी महिला मञ्चकी सचिव र मञ्च जनकपुरधामकी निवर्तमान अध्यक्ष बबिता सर्राफ, वर्तमान अध्यक्ष दिपा चौधरी, उपाध्यक्ष शारदा अग्रवाल, महासचिव रञ्जु रंगता अग्रवाल र सचिव सरिता दोकानिया सहित समुदायकी महिला अगुवाहरुको उपस्थिति थियो।

# लागू औषधसहित युवक पक्राउ

**टुडे समाचारदाता**

जनकपुरधाम । धनुषामा लागू औषधसहित एक जना युवक पक्राउ परेको छ।

जनकपुरधाम उपमहानगरपालिका ५ देवान पोखरीबाट २७ वर्षीय प्रविन यादव पक्राउ परेको हो। मिथिला नगरपालिका ६ तारापट्टी घर भएका यादव ज १० प ३१३ नम्बर प्लेटमा सवारी भई जाँदै गर्दा प्रहरीलाई शंका लाग्दा चेक जाँच गरेको थियो ।


त्यसपछि प्रहरीले उनको साथबाट प्रतिबन्धित लागू औषध पाँच सय २५ पिस नाइट्रोभेट र एक हजार दुई सय ५५ रुपैयाँ बरामद भएको छ।



उनी अहिले धनुषा प्रहरीको हिरासतमा छ। उक्त सम्बन्धमा थप अनुसन्धान भइरहेको छ।

# भक्तपुरका शिवालयमा साँझसम्मै दर्शनार्थीको भीड, दिनभर सडक अवरुद्ध

भक्तपुर । साउनको तेस्रो सोमबार भक्तपुरका प्रसिद्ध शिवालयमा बिहानैदेखि साँझसम्म दर्शनार्थीको भीड लागेको छ। भक्तपुरको सूर्यविनायक नगरपालिका-८ सिपाडोलस्थित



प्रसिद्ध डोलेश्वर महादेव मन्दिरमा बिहानदेखि साँझसम्म दर्शनार्थीको भीड लागेको थियो । डोलेश्वर महादेव मन्दिर संरक्षण एवं विकास समितिका पूर्वउपाध्यक्ष एवं पूर्ववडाध्यक्ष किरण थापाले मन्दिरमा बिहानदेखि साँझसम्म नै दर्शनार्थीको भीड लागेको बताउनुभयो।

साँझ मन्दिरमा आरतीमा सहभागी हुनसमेत दर्शनार्थीको घुइँचो रहेको भन्दै उहाँले सोमबार मात्रै दिनभरिमा २० हजारभन्दा बढी भक्तजनले डोलेश्वर महादेवको दर्शन गरेको बताउनुभयो।

दर्शनार्थीको घुइँचो लागेपछि भक्तपुरको जगातिबाट डोलेश्वर महादेव मन्दिर जाने दुई वटा बाटो अवरुद्ध भएको थियो । सवारीसाधनको चाप बढेपछि सडक जाम भएको थियो भने मन्दिरमा दर्शनलाई सहज बनाउन तथा सडक खुलाउन स्वयंसेवक र प्रहरी परिचालन गरिएको थियो।

त्यसैगरी सिपाडोलको अर्को प्रसिद्ध आशापुरी महादेव मन्दिरमा पनि दर्शनार्थीको बिहानैदेखि घुइँचो लागेको थियो। मनको आशा पूरा गर्ने महादेवका रूपमा परिचित रहँदै आएको यो मन्दिरमा बिहानैदेखि दर्शनार्थीको घुइँचो लागेको थापाले जानकारी दिनुभयो।

डोलेश्वर हुँदै आशापुरी जान र नंखेल काँक्राबारी हुँदै आशापुरी जान दुईतर्फी सडक सञ्चालनमा आएपछि यो मन्दिरमा दर्शनार्थीको घुइँचो लाग्न थालेको हो।

यता भक्तपुर नगरपालिकास्थित प्रसिद्ध दत्तात्रय मन्दिरमा बिहानैदेखि दर्शनार्थीको भीड लागेको थियो । भीड व्यवस्थित गर्न स्वयंसेवकपरिचालनगर्नुकासाथैलाइनमा बस्नेका लागि टोकनको व्यवस्था गरिएको थियो । भक्तपुर काठमाडौं, ललितपुर, काभ्रेपलाञ्चोकदेखिका दर्शनार्थीको आगमनले यहाँका महादेव मन्दिर भरिभराउ भएका थिए।

त्यसैगरी सूर्यविनायक नंखेलस्थित नन्दिकेश्वर महादेव मन्दिरमा पनि दर्शनार्थीको भीड लागेको थियो भने सूर्यविनायक नपास्थित सिरुटारको गुप्तेश्वर, सोमलिङ्गेश्वर, चरखण्डीश्वर, अनन्तलिङ्गेश्वर, सुवर्णेश्वर, लटरम्बेश्वर र अग्लो महादेवका रुपमा चिनिएको कैलाश महादेवमा पनि दर्शनार्थीको बिहानैदेखि भीड लागेको थियो।रासस

# बैद्य-प्रकाश पुरस्कारबाट दास पुरस्कृत

**टुडे समाचारदाता**

राजविराज । बैद्य-प्रकाश मानवअधिकार पुरस्कारबाट समाजसेवी एवं पूर्व प्रधानाध्यापक हितनारायण लाल दास सम्मानित भएका छन्। बैद्य-प्रकाश मानवअधिकार पुरस्कार कोष सप्तरीले शिक्षा, समाजसेवा, सशक्तिकरण तथा समाज उत्थान र चेतना अभिवृद्धिमा योगदान पुऱ्याए वापत उनलाई सोमबार एक कार्यत्तमको आयोजना गरी सम्मान गरिएको हो।



कोषद्वारा आयोजित ३० औं प्रकाश स्मृति दिवसको अवसरमा दासलाई उक्त पुरस्कारबाट सम्मान प्रदान गरिएको छ। कोषका संस्थापक बैजनाथ झाको अध्यक्षतामा आयोजित कार्यक्रममा प्रमुख अतिथि राष्ट्रिय मानव अधिकार आयोगका सदस्य मिहिर ठाकुर तथा कार्यक्रमका विशिष्ठ अतिथि मधेश प्रदेशका आन्तरिक मामिला तथा संचार राज्य मन्त्री रुबी कर्णले संयुक्त रुपमा दोसल्ला, नगद पुरस्कार र कदरपत्रबाट दासलाई सम्मान गरेका थिए।

लामो समयदेखि समाज उत्थानमा योगदान गरेका ७३ वर्षीय दासको उच्च मुल्याङ्कन गर्दै सो सम्मान गरिएको कोषका संस्थापक अध्यक्ष बैजनाथ झाले बताए । पुरस्कार बितरण तथा सम्मान समारोहमा मधेश प्रदेश मिडिया काउन्सीलका अध्यक्ष शिवहरिप्रसाद भट्टराई, मधेश प्रदेश नागरिक संघका अध्यक्ष शंकर सारदा, पत्रकार महासंघ सप्तरीका अध्यक्ष श्रवण देव, नागरिक समाजका अध्यक्ष थानसिंह भन्साली, प्रमुख जिल्ला अधिकारी जनार्दन गौतम लगायतले शुभकामना दिएका थिए।

# अशक्तलाई घर घरमै ह्वीलचेयर वितरण

**टुडे समाचारदाता**

राजविराज । शारीरिक रुपमा अशक्त भई कष्टकर जीवन विताउन बाध्य भएकाहरुका लागि सहारा बनेकी राजविराज ७ निवासी सुनिता साह अहिले ह्वीलचेयर वितरण अभियानमा लागेकी छिन् । अशक्त भएकाहरुको घर घर पुगेर ह्वीलचेयर वितरणमा उनको व्यस्तता बढेको छ।



विपन्न वस्तीमा घर घर पुगेर अपाङ्गता भएकाहरुको पहिचान गर्दै लगत संकलन गर्ने र त्यस पछि उनीहरुका लागी क्रमशः ह्वीलचेयर दिदै आएको उनले सोमवार पनि एक दर्जन अपाङ्गता भएका व्यक्तिको घरमै पुगी ह्वीलचेयर वितरण गरेकी छिन । विगत ३ दिन देखि यसरी नै ह्वीलचेयर वितरण गर्दै आएकी उनले यस अवधिमा २४ जना अपाङ्गता भएकाहरुलाई ह्वीलचेयर वितरण गरिसकेकी छिन।

ह्वीलचेयरका लागि राजविराज निवासी समाजसेवी संजय दुवे, राजेश गुप्ता, राजगढ गाउँपालिकाका सत्य नारायण यादव र विदेशी नागरिक ताइवानका जोन म्याकिन्लेले सहयोग गरेको उनले जानकारी दिइन् । अधिकार तथा समाजसेवा क्षेत्रमा क्रियाशील साह राष्ट्रिय एकता अभियानका केन्द्रीय उपाध्यक्ष समेत हुन । उनले यस अघि पनि सैनिक श्रीमती संघबाट सहयोग जुटाई शारीरिक रुपमा अशक्त भई कष्टकर जीवन विताइरहेका २४ जनालाई ह्वीलचेयर वितरण गरिसकेकी छिन् । उनी भन्छीन "अशक्तको जीवन सहज होस भन्ने उद्देश्यले ह्वीलचेयर वितरण थालेको छु, भ्याए जति सबै अपाङ्गता भएका ब्यक्तिलाई दिने सोच रहेको छ।"

आफ्नो निजी खर्चमै अपाङ्गता भएकाहरुको पहिचान र लगत संकलन गर्ने कार्यमा खटिने गरेकी साह जिल्लाको सबै १८ वटै पालिकामा पुगी थप गरिब विपन्न समुदायका अशक्तको पहिचान गरी विभिन्न दाताबाट सहयोग जुटाई ह्वीलचेयर वितरण गर्ने बताएकी छिन।

अपाङ्गता भएको ब्यक्तिको लगत संकलन गर्न जाँदा अभियानकी जिल्ला संयोजक सुनिता चौधरी तथा सल्लाहकार सागरबिर कडारीले पनि निकै सहयोग गर्ने गरेको उनले बताइन् । राष्ट्रिय एकता अभियान मार्फत समन्वय गरी विभिन्न दाताबाट सहयोग जुटाई उनले हाल सम्म जिल्लाका २ सय ६५ भन्दा बढी अशक्तलाई ह्वीलचेयर वितरण गरिसकेकी छिन् । उनले कोरोना, आगलागी, सितलहर, बाढी लगायतका माहामारी र विपदबाट पीडित भएका विपन्न परिवारका लागी समेत लिएर राहत वितरण गर्दै आएकी छिन।

यसरी समाजसेवा गरे वापत नै उनलाई विभिन्न संघ संस्थाले सम्मान पनि गर्दै आएका छन् । पक्षघात, दुर्घट्ना लगायत विभिन्न कारणले हिडडुल गर्न न सक्नेले आर्थिक अभावका कारण ह्वीलचेयर किन्न नसकेको बेला साहले गरेको प्रयास र चलाएको अभियान उदाहरणीय रहेको भन्दै स्थानीयले यस्तो मानवीय सेवा अभियानमा सबैले साथ र सहयोग दिनु पर्नेमा जोड दिएका छन्।

## तपाईंको आज
पण्डित : बम जी

| | |
|---|---|
| मेष | : शिक्षामा उन्नति। |
| बृष | : अवसर प्राप्त। |
| मिथून | : प्रेम प्रसंग, मित्र सुख। |
| कर्कट | : भ्रमण अवसर हुने। |
| सिंह | : प्रतिभा सम्पन्नता। |
| कन्या | : पुरस्कार प्राप्त लाभ। |
| तुला | : नयाँ कार्य हुने। |
| बृश्चिक | : पारिवाहिक सुख। |
| धनु | : वाद विवादबाट बच्नु। |
| मकर | : बौद्धिक क्षमता। |
| कुम्भ | : सुख समृद्धि हुने। |
| मीन | : धन बृद्धि सञ्चय। |

राशिफलले जस्तो दिनको संकेत गरेपनि कर्म गर्दा फल राम्रै पाइन्छ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरू
जनकपुरधाम ०४१

| | | | |
|---|---|---|---|
| बारुण यन्त्र | ५२००११ | विद्युत फ्युज शाखा | ५९०८३४, ५९०८३५ |
| प्रहरी (हण्टीङ्गलाईन) | ४२००९९,४२०२९९, १०० | साह केबुल | ५२४७२२ |
| एम्बुलेन्स (रेडक्रस) | १०२ | जानकी केबुल | ५२३७२८ |
| एम्बुलेन्स (मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ | म्याक्स टीभी | ०४१-५९०८९७,९८०१६६८६५२ |
| एम्बुलेन्स (हिमालय युवा क्लब) | ९८०४८१५१२६ | नगर सेफ्टी टैंक सफाई सेवा | ५२१२६२ |
| अञ्चल अस्पताल | ५२००३३ | मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| जनकपुर सिटी हस्पिटल भानुचोक | ५२५०१, ५२५८९९ | सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |
| नेपाल शिक्षक संघ (एम्बुलेन्स) | ९८०१६४४४५५,९८५४०२८२९६ | बुद्ध एयर | ५२५०२२ |
| जानकी हेल्थकेयर सेन्टर रामानन्द चोक | ५२५३४१ | यति एयरलायन्स, शिवचोक | ५९०३०१/५९०३०२ |
| रक्तसंचार (रेडक्रस) | ५२०८७० | होटल मानकी | ९८१५८९३५३४, ९८१५८९३३४३ |
| ॐ शक्ति अध्ययन अनुसन्धान केन्द्र (एम्बुलेन्स) | ९८५४०२७४३४ | होटल रामा | ५२००५९, ५२३८५४ |
| कृष्णा नर्सिङ्गहोम | ५२१९१८ | वेलकम होटल | ९८०१६२००६५, ९८०१६२००६४ |
| विरेन्द्र डेन्टल हेल्थ केयर | ५२८४३७ | जलेश्वर अस्पताल | ०४४-५२००७० |
| आँखा अस्पताल | ५२०३९७ | प्रहरी (जलेश्वर) | ०४४-५२०००९ |
| रेडियो टुडे (९१ मेगाहर्ज) | ९८०१६२६०२६ | एम्बुलेन्स (जलेश्वर) | ०४४-५२०१०० |
| एयर पोर्ट | ५९००५८, ५९००५२ | विद्युत (जलेश्वर) | ०४४-५२००६६, ५२०१६६ |
| | | बारुण यन्त्र (जलेश्वर) | ०४४-५२००९७ |

## रत्न सागर मन्दिर
प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ५:०० बजे |
| बिहान पूजा आरती | : ८:०० बजे |
| भोगराज लाग्ने सयम | : ११:३० बजे |
| निशुल्क अन्न क्षेत्र (दिउँसो) | : १२:०० बजे |
| मन्दिर बन्द हुने समय | : १२:०० बजे |
| खुल्ने समय (दिउँसो) | : ४००: बजे |
| रात्री आरती पूजा हुने समय | : ९:३० बजे |
| रात्री मन्दिर बन्द हुने सयम | : १०:०० बजे |

## जानकी मन्दिर
प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| बिहान पूजा आरती | : ०७:०० बजे |
| बिहान ढोका बन्द | : १२:०० बजे |
| अन्न क्षेत्र | : निःशुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | : ०४:०० बजे |
| सन्ध्या पूजा आरती:साँझ | : ०७:३० बजे |

## राम मन्दिर
प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| मंगल आरती | : ०७:३० बजे |
| महाप्रसाद भोग | : १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | : ०३:३० बजे |
| सन्ध्या पूजा आरती साँझ | : ०७:०० बजे |
| रात्रि भोग | : ०९:०० बजे |
| पट बन्द | : ०९:१५ बजे |

# पर्सामा परिचयपत्र र ई-पासपोर्टको अनलाइन फाराम पालिकाबाटै




वीरगञ्जाजिल्लाप्रशासनकार्यालय, पर्साले सेवाग्राहीको सजिलोका लागि राष्ट्रिय परिचयपत्र र ई-पासपोर्टको अनलाइन फाराम पालिकास्तरबाट भर्न सक्ने गरी व्यवस्थापन गरेको छ। राष्ट्रिय परिचयपत्र, ई-पासपोर्टलाई छिटोछरितो र व्यवस्थित बनाउनको लागि दुबै अनलाईन फाराम जिल्लाका चौधवटै पालिकाबाट भर्ने व्यवस्था मिलाइएको प्रमुख जिल्ला अधिकारी उमेशकुमार ढकालले जानकारी दिनुभयो ।


अब उक्त सेवा लिन सम्बन्धित पालिकाबाटै राष्ट्रिय परिचयपत्र र ई-पासपोर्टको अनलाइन फाराम भरेर मात्र प्रशासन कार्यालय आउनुपर्ने छ। प्रशासन कार्यालयका अनुसार सबै पालिकामा यी काम हेर्ने व्यक्ति तय गरेको र उनीहरूको सम्पर्क नम्बर सूचनामार्फत सार्वजनिक गरिएको छ। जिल्ला प्रशासन कार्यालयले राष्ट्रिय परिचयपत्र र ई-पासपोर्ट भर्ने सेवाग्राही ठगिएका र सो ठगीमा संलग्न छ जनालाई यस अगाबै कारबाही गरेपछि यो व्यवस्था गरेको हो।

**रु पाँचमै खाना**

पर्साको वीरगञ्ज बजारमा"घरको खाना सबैको चाहना" भन्ने नारासहित पाँच रुपैयांमा खाना उपलब्ध गराउन थालिएको छ । 'फोर जिआर' नामक संस्थाले दैनिक गुजारा गरेर खाने समुदायलाई लक्षित गरी रु पाँच रुपैयामा खाना खुवाउने अभियानको थालनी गरेको हो ।

अहिलेका लागि सातामा एक दिन उक्त समुदायलाई लक्षित गरी अभियान थालिएको संस्थाकी अध्यक्ष नुतुन सरावगीले बताउनुभयो। घण्टाघर छेउको पार्क अगाडि स्टल राखेर खाना उपलब्ध गराउन थालिएको छ। रासस

# मिथिलामा चाडबाडको रौनक



महोत्तरी। साउन शुक्लपक्ष सुरु भएसँगै मधेस प्रदेशको प्राचीन मिथिला क्षेत्रमा चाडपर्वको रौनक छाएको छ । साउन महिना नै शिवभक्तिमा झुम्ने मिथिलामा शुक्लपक्ष सुरु भएसँगै एकपछि अर्को पर्वले चाडबाडको रौनक बढाएको हो ।

साउन शुक्लपक्षको तृतीया तिथिमा नवविवाहिता मिथिलानी (मिथिलाका नारी) ले १३ दिने मधुश्रावणी पर्व सम्पन्न गरेका छन् । सोही तिथिमै मिथिला झुलनोत्सव सुरु भएको छ । तृतीयादेखि पूर्णिमासम्म मिथिलामा झुलनोत्सवको परम्परा छ । यस अवसरमा मठ, मन्दिर र धार्मिकस्थलहरूमा मर्यादा पुरुषोत्तम श्रीराम र मिथिला नन्दिनी सीताका प्रतिमा चाँदीका डोलामा राखेर भजनकीर्तन गाउँदै 'झुलाघर' पुर्‍याइन्छ । अघि त्रेता युगमा ससुराल आउनुभएका भगवान् रामलाई जनकपुरधाममा सोही समयमा ठाउँठाउँमा झुला खेलाइएको सम्झनामा यो परम्परा चलेको लक्ष्मीनारायण मठका उत्तराधिकारी महन्थ रवीन्द्रदास वैष्णव बताउनुहुन्छ।

यस पर्वका अवसरमा मिथिलाक्षेत्रका सबैजसो मठमन्दिरमा अहिले झुलनोत्सव समारोह आयोजन गरिएका छन् । प्रत्येक साँझ रामसीताका प्रतिमा झुलाघर (उत्सवका लागि झुला राखिएको खास कोठा या घर) मा पुर्‍याइएपछि सन्त, महन्थ र सर्वसाधारणले रामसीताका महिमा गान गाउँदै पालैपालो रामसीताका प्रतिमा राखिएका झुला झुलाउँछन्।

यसै अवसरमा महोत्तरीको मटिहानीस्थित लक्ष्मीनारायण मठसँगैको 'झुलाघर' उत्सवमय बनेको छ । महोत्तरी र आसपासका मठमन्दिरबाट रामसीताका प्रतिमा यही 'झुलाघर' मा ल्याइएका छन् । महोत्सवमा सन्त र महन्थहरूको जमघटले आफ्नो नगर अहिले उत्सवमय बनेको मटिहानीका नगरप्रमुख हरिप्रसाद मण्डल बताउनुहुन्छ । महोत्सवभर प्रत्येक साँझ प्रारम्भ हुने झुलनोत्सव मध्यरातसम्म जारी रहन्छ । यस क्रममा रामायण पाठ गर्ने, रामलीला मञ्चन गर्ने परम्परा छ । झुलनोत्सवका लागि प्राचीन मिथिला क्षेत्रका भारतको विहार राज्यको तिरहुतसम्मका सन्त रमहन्थ जम्मा भएका छन् । मठमन्दिरमा सिंहासन निर्माण गरी भगवान् रामसीताको प्रतिमा राखेर झुलाइने गरिएको हुँदा यो पर्वलाई झुलनोत्सव भन्ने गरिएको हो।

झुलनोत्सवसँगै मिथिलामा साउन शुक्ल पञ्चमीका दिन 'लगपाँच' पर्व मनाइन्छ । नाग देवताको पूजाआराधना गरिने यो पर्वको प्रभावले सर्प आदिको भय नहुने जनविश्वास गरिन्छ । त्यसरी नै साउन शुक्लपक्ष प्रारम्भसँगै मिथिलामा राखी (रक्षाबन्धन) पर्वको रौनक बढ्छ। दाजुभाइ दिदीबहिनीबीच आत्मीय सम्बन्धको प्रतीक मानिने साउन पूर्णिमाका दिन मनाइने 'राखी' को रमझम र पूर्वतयारी साउन शुक्लपक्षको प्रारम्भसँगै सुरु हुन्छ।

मिथिलामा आयोजन गरिने महोत्सव, शुभकार्य र सबै कर्मकाण्डीय अनुष्ठान मिथिला पञ्चाङ्ग र विद्यापति पञ्चाङ्गका आधारमा निर्णय गरिन्छ । दुवै प्रचलित पञ्चाङ्गमा वर्षको पहिलो महिनाको गणना साउन शुक्लपक्षसँगै प्रारम्भ हुन्छ।

वर्षको प्रारम्भ नै साउन शुक्लपक्षबाट सुरु हुने भएको हुँदा सबै चाडबाडको प्रारम्भ साउनदेखि नै हुने मान्यता मिथिलामा स्थापित भएको बर्दिबास-२ का पण्डित (प.) महेशकुमार झाको भनाइ छ। रासस

# पशुपति क्षेत्रमा विगतका सोमबारभन्दा बढी भक्तजन र बोल बम यात्री



काठमाण्डु। साउने सोमबारका अवसरमा पशुपति क्षेत्रलगायत देशभरका शिवालयमा विगतका दुई सोमबारभन्दा बढी भक्तजनको भीड लागेको छ । साउनको तेस्रो सोमबार बिहान ३ः१५ बजेदेखि नै पशुपतिनाथ मन्दिरका चार ढोका भक्तजनको दर्शनका लागि खुला गरिएको पशुपति क्षेत्र विकास कोषका प्रवक्ता रेवतीरमण अधिकारीले राससलाई जानकारी दिनुभयो । दर्शनका लागि लाखौँ भक्तजन अहिले पनि पशुपति क्षेत्रमा लाममा बसेको उहाँको भनाइ थियो ।

भक्तजनलाई सहजरुपमा लाम लागेर दर्शन गरी फर्कने व्यवस्था मिलाइएको छ। बिहान तीन बजेदेखि मन्दिर दर्शनका लागि लाममा बसेका भक्तजनलाई वर्षाले केहीबेर असर पारेको थियो। विगतका दुई हप्तामा भन्दा सोमबार सुन्दरीजलबाट शुद्ध जल ल्याई पशुपतिनाथ मन्दिरमा चढाउने बोल बम यात्रीको भीड लागेको छ। बोल बम यात्रीको पशुपति क्षेत्रमा भीड लागेपछि बिहान लाम गुह्येश्वरी मन्दिरसम्म पुगेको थियो।

बोल बम यात्रीका लागि पशुपतिनाथका चार ढोकामध्ये एउटा ढोका छुट्याइएको छ । सुन्दरीजलबाट पहेंलो एवं हरियो बस्त्र पहिरिएका भक्तजन लाम लागेर खाली खुट्टा आएको दृश्य देखिन्थ्यो । उच्च स्वरमा बोल बम शब्द गुञ्जायमान गराउँदै भक्तजन पशुपतिनाथ मूल मन्दिरतिर आइरहेका थिए । केही भक्तजन भने सवारी साधन प्रयोग गरेर पनि बोल बम यात्रामा सहभागी भएका छन्। साउन महिना र सोमबार भगवान् शिवको महिना र बारका रुपमा लिइन्छ। साउनको सोमबार पारेर भगवान् शिवको दर्शन गरेमा मनोकामना पूरा हुने विश्वास गरिन्छ। यस अवसरमा विशेषगरी महिला भक्तजनको शिवालयमा भीड लाग्ने गर्छ । साउनको सोमबार महिला व्रत बसी भगवान् शिवको पूजाआराधना गर्ने गर्छन् ।

साउनको सोमबार व्रत बसी भगवान् शिवको पूजा, आराधना गरेमा विवाहित महिलाले अटल सौभाग्य प्राप्त गर्ने र अविवाहित महिलाले सुयोग्य बर पाउने धार्मिक विश्वास छ । यस अवसरमा सोमबार काठमाडौँ उपत्यकाका अन्य शिवालयमा पनि भक्तजनको भीड लागेको छ। राजधानीको उत्तरपूर्वी भेगस्थित गोकर्णेश्वर महादेव मन्दिर, पूर्वी भेगस्थित पेप्सीकोलाको नागेश्वर मन्दिर, वसन्तपुरस्थित सानो पशुपतिनाथ मन्दिरलगायत शिवालयमा पनि भक्तजनको भीड लागेको जनाइएको छ। बिहान ४ बजेदेखि नै यी मन्दिरको ढोका खुला गरिएको थियो।

यस अवसरमा देशका विभिन्न भागमा रहेका शिवालयमा पनि भक्तजनको भीड लागेको छ। वैदिक सनातन हिन्दू धर्मावलम्बीले वर्षमा एकपटक साउन महिनामा घर घरमा रुद्राभिषेक पनि गर्ने गर्छन् । रासस

# मधेस प्रदेश सरकारद्वारा निर्देशनालय खारेज

जनकपुरधाम। मधेस प्रदेश सरकारले जनकपुरधाममा सञ्चालित उद्योग, वाणिज्य तथा हित संरक्षण निर्देशनालय खारेज गर्ने निर्णय गरेको छ।

मधेस प्रदेश सरकार मन्त्रिपरिषद्को सोमबार बिहान बसेको बैठकले निर्देशनालय खारेज गर्ने निर्णय गरेको प्रदेश सरकारका प्रवक्ता तथा अर्थमन्त्री शैलेन्द्रप्रसाद साहले जानकारी दिनुभयो।

यस्तै बैठकले पर्साको वीरगञ्जमा उद्योग विभाग स्थापना गर्ने र सिरहाको लहान, धनुषाको जनकपुरधाम तथा पर्साको वीरगञ्जमा एक/एकवटा गरी तीन वटा पर्यटन विकास कार्यालय स्थापना गर्ने निर्णय गरेको मन्त्री साहले बताउनुभयो।

प्रदेश सरकारले आर्थिक वर्ष २०७९/८० को नीति तथा कार्यक्रममार्फत् पर्यटन प्रवर्द्धन गर्ने उद्देश्यले पर्यटन विकास कार्यालय स्थापना गर्ने घोषणा गरेको थियो। रासस

# सामाजिक सुरक्षा भत्ता नवीकरण गर्न घुम्ती शिविर



सर्लाही । हरिवन नगरपालिकाले सामाजिक सुरक्षा भत्ता नवीकरण गर्न घुम्ती शिविर सञ्चालन गरेको छ। वडा कार्यालयसम्म पुग्न समस्या हुने अशक्त, अपाङ्गता र वृद्धवृद्धालाई लक्ष्य गरेर गाउँ घरमै पुगी सामाजिक सुरक्षा भत्ता नवीकरण गर्न नगरका ११ वटै वडामा घुम्ती शिविर सञ्चालन सुरु गरिएको नगरप्रमुख रमेश बुढाथोकी(कमल)ले जानकारी दिनुभयो।

शारीरिकरूपमा अशक्त तथा वृद्धवृद्धालाई वडा कार्यालयसम्म धाउनुको साटो घर नजिकै राखिएको घुम्ती शिविरबाट सेवा लिन सहज होस् भन्ने उद्देश्यले प्रत्येक वडामा कर्मचारी खटाएर सामाजिक सुरक्षा भत्ता नवीकरणको काम भइरहेको उहाँले जानकारी दिनुभयो।

घुम्ती शिविरले वडा कार्यालयमा भीडभाड कम हुनाका साथै नगरका अशक्त, अपाङ्का र वृद्धवृद्धालाई सहज भएको नगरपालिकाले जनाएको छ । घुम्ती शिविरमा रहेका वडा सचिव, कार्यालय सहयोगीलगायत कर्मचारी प्रत्येक बस्तीका घर-घरमा पुग्ने र सेवा प्रदान गर्ने नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत सुरेन्द्र प्रधानले बताउनुभयो।

उहाँका अनुसार शिविरमा खटिएका कर्मचारीले चौतारी तथा रुखका छहारीमा बसेर ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति, अशक्त, एकल महिलालगायत सामाजिक सुरक्षा भत्ता खाइपाइ आइरहेका नागरिकको कार्ड नवीकरण समेत गरिरहेका छन्। जिल्लाका हरेक स्थानीय निकायमा अहिले सामाजिक सुरक्षा भत्ता नवीकरणको काम सञ्चालन भइरहेको छ।

हरिवनबाहेक अन्य स्थानीय निकायका वडाकार्यालयबाटै नवीकरणको काम भइरहेको छ। जिल्लामा २० स्थानीय निकाय रहेका र ती सबैले बैंकमार्फत सामाजिक सुरक्षा भत्ता वितरण गर्दै आएका छन् तर बैंक र स्थानीय निकायबीच राम्रो समन्वय नहुँदा बैंकबाट भत्ता लिनका लागि घण्टौंसम्म लाइनमा बस्नु परेको सेवाग्रही नागरिकको गुनासो थियो। रासस

# भक्तपुरमा बढ्दै अपराधका घटना

भक्तपुर। भक्तपुरमा गतवर्षको तुलनामा अपराधको घट्ना बढ्दै गएको छ। महानगरीय प्रहरी परिसर भक्तपुरमा आर्थिक वर्ष २०७८/७९ मा भएका विभिन्न अपराधका घट्नाबारे जानकारी दिँदै परिसर प्रमुख एवं प्रहरी उपरीक्षक शिवकुमार श्रेष्ठले भक्तपुरमा अपराधको घट्ना विगतका वर्षमा भन्दा बढेको बताउनुभयो।

प्रहरी उपरीक्षक श्रेष्ठले भन्नुभयो, "आर्थिक वर्ष २०७६/७७ मा ६५२ अपराधका घटना भएको भक्तपुरमा आव २०७७/७८ मा ५६५वटा थियो, तर आव २०७८/७९ मा घट्ना बढेर असार मसान्सम्म ८३२ वटा पुगेको छ, अपराधसँगै चुनौती थपिएका छन्।"

प्रहरी परिसर भक्तपुरले आव २०७८/७९ मा ६६० वटा अपराधका घटना घटने अनुमान गरेकोमा अनुमान भन्दा घटना बढी भएको उहाँको भनाइ थियो। भक्तपुरमा बलात्कार, हत्या, चोरी, ठगी, चेक बाउन्स, लागुऔषध कारोबार तथा सेवन बढेको पाइएको छ । यहाँ घटेका अपराधमध्ये १४ दशमलव ६६ प्रतिशत घट्ना महिला तथा बालबालिकासम्बन्धी रहेको उहाँले जानकारी दिनुभयो।

एक वर्षमा भक्तपुरमा बैंकिङ कसूरमा २४७, चोरीमा ९७, अभद्र व्यवहारमा ७०, झुण्डिएर मृत्युमा ६०, भवितव्य ज्यान ५२, लागु औषधमा ४२, जबरजस्ती करणीमा ४०, सवारी ज्यानमा ३१, ज्यान मार्ने उद्योग १९, विष सेवनमा १७, बहुविवाहमा १२, ठगीमा ११, जबरजस्ती करणी उद्योगमा नौ, कर्तव्य ज्यानमा सात, मानव बेचबिखनमा सात, आत्महत्या दुरुत्साहनमा सात, बाल यौन दुर्व्यवहारमा चार, मुद्रासम्बन्धी कसूरमा चार, चोरी उद्योगमा तीन मुद्दा दर्ता भएका छन्।

त्यस्तै सवारी अङ्गभङ्गमा तीन, गम्भीर उत्तेजनामा कुटपिट गरेकोमा तीन, ज्येष्ठ नागरिकसम्बन्धी कसूरमा दुई, आपराधिक उपद्रोमा दुई, सङ्क्रमण रोग फैलाउनेमा दुई, विस्फोटक पदार्थमा एक, बैंकिङ तथा वित्तीय कसूरमा एक, अपरहणमा एक, नागरिकतासम्बन्धी कसूरमा एक, गर्भ संरक्षकसम्बन्धी कसूरमा एक, बालबालिकासम्बन्धी कसूरमा एक र जातीय भेद्भाव तथा छुवाछुतमा एक गरी कूल ८३२ वटा मुद्दा दर्ता भएको उहाँले जानकारी दिनुभयो।

यी घटनामा एक हजार ६ जना अभियुक्त रहेकोमध्ये ७४५ जना पक्राउ परे पनि २६३ जना अझै फरार रहेका छन्। परिसरका प्रवक्ता एवं प्रहरी नायब उपरीक्षक राजु पाण्डेले अपराधमा कूल घट्ना र अभियुक्तमध्ये ७४ दशमलव ५ प्रतिशत, बैंकिक कसूरमा २१ दशमलव ५ प्रतिशत र अन्यमा ९१ दशमलव तीन प्रतिशत अभियुक्त पक्राउ परेको जानकारी दिनुभयो। प्रहरी उपरीक्षक श्रेष्ठले धेरै घटनाको कारण लागुऔषधनै रहेको बताउँनुभयो। रासस

# काभ्रेस्थलीमा एकै परिवारका चारजना मृत फेला

काठमाण्डु । काठमाण्डुको तारकेश्वर नगरपालिका- २ काभ्रेस्थलीमा एकै परिवारका चार जना मृत अवस्थामा फेला परेका छन् ।काभ्रेस्थलीको पदमसालमा घर बनाएर बसेका गोरखा भीमसेन थापा गाउँपालिका-६ का ४१ वर्षीय दिनेश पाण्डे, उनकी श्रीमती ३९ वर्षीय सुनिता, १३ वर्षीय छोरी र ८ वर्षको छोरा मृत फेला परेका हुन्।

नगरपालिकाका प्रमुख कृष्णहरि महर्जनले घरमुली पाण्डेले परिवारको हत्या गरेर आफूले पनि आत्माहत्या गरेको प्रारम्भिक अनुसन्धानमा खुलेको जानकारी दिनुभयो। 'बिहान ८ बजे दिनेशकी छोरी विद्यालयमा नआएपछि छिमेकीमार्फत खबर गर्दा घरको झ्यालढोका बन्द रहेकाले प्रहरी र स्थानीय निकायलाई खबर गरेपछि घरमा गएर हेर्दा चारैजना मृत अवस्थामा फेला परेको पायौं,'- उहाँले भन्नुभयो।

काठमाण्डु जिल्ला प्रहरी परिसरकाप्रवक्ता तथाप्रहरी उपरीक्षक दिनेशराज मैनालीले घटनास्थलमा प्रहरी टोली र चिकित्सकको टोली पुगेर अनुसन्धान गरिरहेको बताउनुभयो । उक्त भवनको सबै झ्याल र ढोकाभित्रबाट चुकुल लगाएको अवस्थामा रहेका उहाँको भनाइ थियो। रासस

# बुधबारदेखि मौसममा सुधार हुने

काठमाण्डु । आगामी बुधबारदेखि मौसम सुधार हुने भएको छ । बुधबारदेखि मनसुनको न्यून चापीय रेखामाथि अर्थात् भारततिर सर्ने सम्भावना रहेकाले मनसुन केही कमजोर भई मौसम सुधार हुने जल तथा मौसम विज्ञान विभागका मौसमविद् मञ्जुवसीले बताउनुभयो।

उहाँका अनुसार पछिल्लो केही दिनयता देशको अधिकांश स्थानमा निरन्तर वर्षा भइरहेको छ। यो क्रम बधुबारदेखि रोकिने जनाएको छ । अहिले मनसुनको न्यून चापीय रेखा सरदर स्थानभन्दा केही उत्तरतिर अवस्थित रहेको विभागले जनाएको छ। हाल देशका प्रदेश नं १, बागमती, गण्डकी प्रदेशका केही स्थानमा र बाँकी प्रदेशका थोरै स्थानमा मेघ गर्जन/चट्याङसहित हल्कादेखि मध्यम वर्षा भइरहेको छ।

राति देशभर सामान्य बदली रही देशका पहाडी भूभागका केही स्थानमा र बाँकी भूभागका थोरै स्थानमा मेघ गर्जन/चट्याङसहित हल्कादेखि मध्यम वर्षाको सम्भावनाका साथै प्रदेश नं १, मधेस, बागमती र गण्डकी प्रदेशका थोरै स्थानमा भारी वर्षाको सम्भावना रहेको बताइएको छ।रासस

# भक्तपुरमा सङ्क्रमितको संख्या बढ्यो

भादगाउँ । भक्तपुरमा कोरोना सङ्क्रमितको संख्या उकालो लागेको छ।

स्वास्थ्य कार्यालयका अनुसार भक्तपुरमा आइतबार साँझसम्म सक्रिय सङ्क्रमितको संख्या एक सय ३८ पुगेको छ। गत असार १६ गते ९ जना सक्रिय कोरोना सङ्क्रमित रहेको भक्तपुरमा एक महिनाको अवधिमा सो संख्यामा सङ्क्रमित बढेको हो।

सक्रिय सङ्क्रमितमध्ये भक्तपुर र चाँगुनारायण नगरपालिकाका एक/एक महिला गरी दुईजना अस्पतालको आइसोलेशनमा उपचाररत छन् भने ७९ पुरुष र ५७ जना महिला गरी कूल एक सय ३६ जना होम आइसोलेशनमा रहेको स्वास्थ्य कार्यालयका जनस्वास्थ्य अधिकृत सविता पुर्कोटीले जानकारी दिनुभयो।

उहाँका अनुसार भक्तपुरमा साउन १० गते ९९ जना, साउन ११ गते एक सय १४, साउन १२ गते एक सय २०, साउन १३ गते एक सय ३१ जना सक्रिय सङ्क्रमित थिए।

भक्तपुरमा हालसम्म २१ हजार पुरुष र १८ हजार एक सय ९१ महिला गरी कूल ३९ हजार एक सय ९१ जना कोरोना सङ्क्रमित भइसकेका छन्। तीमध्ये २० हजार ६८० पुरुष र १७ हजार नौ सय ९५ महिला सङ्क्रमणमुक्त भएका छन्। सङ्क्रमितमध्ये दुई सय ४१ पुरुष र एक सय ३७ महिला गरी कूल तीन सय ७८ जनाको मृत्यु भइसकेको छ।

भक्तपुरमा कोरोना सङ्क्रमणबाट मृत्यु हुनेमा सबैभन्दा धेरै मध्यपुरथिमि नगरपालिकाका एक सय १२ जना छन् । तीमध्ये ७५ पुरुष र ३७ महिला छन् । सूर्यविनायक नगरपालिकामा ७१ पुरुष र ४० महिला गरी एक सय ११ जनाको कोरोना सङ्क्रमणका कारण मृत्यु भएको स्वास्थ्य कार्यालयले जनाएको छ।रासस

# ललितपुरका दुई पालिकामा डेङ्गु सङ्क्रमित




ललितपुर । ललितपुर महानगरपालिकाका साथै महालक्ष्मी नगरपालिकामा पनि डेङ्गु सङ्क्रमित भेटिएका छन् । पानी जम्मा हुने स्थानमा सरसफाइमा ध्यान नदिएका कारण रोगका बिरामी भेटिएका हुन्।

महानगरको वडा नं ५र १४ तथा महालक्ष्मीका केही वडामा उक्त सङ्क्रमित भेटिएका जिल्ला स्वास्थ्य कार्यालयका प्रमुख डा सतिश विष्टले बताउनुभयो। उहाँले भन्नुभयो, "हामीले मानभवन, कुमारीपाटी एवं तिखिदेवलका साथै महालक्ष्मीमा पनि उक्त रोगका बिरामी भेटेसँगै घर-घर घुमेर लाम्खुट्टे नष्ट गर्ने अभियान थालेका छौं ।" हालसम्म जिल्लाका ३१ व्यक्तिमा डेङ्गुको सङ्क्रमण भेटिएको उहाँले जानकारी दिनुभयो।

उक्त रोगलाई जिल्लाबाटै न्यूनीकरण गर्न हरेक व्यक्तिले आफ्नो घरको कौसीदेखि बगैँचासम्म सफाइ गर्नुपर्ने देखिएको र घर वरपर पानी जम्मा हुने स्थान तथा सवारीसाधन धुने पसल एवं होटल आदि क्षेत्रमा विशेष ख्याल पुर्‍याउन आवश्यक भएको कार्यालय प्रमुख डा विष्टको भनाइ थियो।

सङ्क्रमित भएका स्थानमा सरसफाइका लागि उक्त कार्यालयका साथै जिल्ला प्रशासन तथा महानगपालिकाका स्वास्थ्य एवं सरसफाइकर्मी लागिपरेका छन्। रासस

# मोटरसाइकल दुर्घटनामा घाइतेको मृत्यु

जलेश्वर। महोत्तरीको बर्दिबास-सम्सी सडकखण्डमा गत साउन ४ गते दुई मोटरसाइकल एकापसमा ठोक्किँदा गम्भीर घाइते दुवै चालकको मृत्यु भएको छ। घटना भएका दिन एउटा मोटरसाइकल चालकको मृत्यु भएको थियो भने अर्को मोटरसाइकल चालकको सोमबार मृत्यु भएको छ।

सोमबार मृत्यु हुनेमा जिल्लाको गौशाला नगरपालिका-४ बस्ने श्याम यादवका छोरा २५ वर्षीय कृष्णा रहेको जिल्ला प्रहरी कार्यालयका प्रहरी नायब उपरीक्षक प्रकाश विष्टले बताउनुभयो। यसअघि घटना भएकै दिन एउटा मोटरसाइकलका चालक जिल्लाको औरही नगरपालिका- २ बस्ने विनेश यादवका छोरा २४ वर्षीय विवेकको मृत्यु भएको थियो।

प्रदेश २-०२-००१प. ८६७९ नं को मोटरसाइकलमा चढेर बर्दिबासबाट सम्सी जाँदै गरेका विवेकलाई विपरित दिशाबाट प्रदेश २-०२-००३प ७७३८ नम्बरको मोटरसाइकलमा चढेर आउँदै गरेका कृष्णाले गौशाला नगरपालिका-२ स्थित सडकमा आमनेसामुने ठक्कर दिएका थिए।

सो ठक्करमा गम्भीर घाइते भएका विवेकलाई उपचारका लागि जिल्ला अस्पताल जलेश्वर लैजाँदै गर्दा बाटोमै मृत्यु भएको थियो। यता कृष्णालाई जिल्लामा आवश्यक उपचार गराइ थप उपचारका लागि काठमाडौं स्थित बीएण्ड बी अस्पतालमा लगिएको थियो। गम्भीर घाइते भएका कृष्णालाई ११ दिनसम्म सोही अस्पतालमा उपचार भइरहेकामा सोमबार उनको उपचारकै क्रममा मृत्यु भएको परिवारजनलाई उद्धृत गर्दै प्रहरीले जनाएको छ।रासस



अन्यत्र गरेको पापबाट जनकपुरधाममा मुक्ति पाउन सकिन्छ ।
जनकपुरधाममा गरेको पापबाट मुक्ति पाउने स्थान अन्यत्र छैन ॥

## सम्पादकीय

# मुख्यमन्त्रीलाई ज्ञापन, समय नष्ट

मधेश प्रदेशमा विभिन्न क्षेत्रका पीडितहरुले न्यायका लागि मुख्यमन्त्री लालबाबु राउतलाई ज्ञापन पत्र दिने गरेका छन् ।मुख्यमन्त्री राउतले ज्ञापन बुझाउनेलाई समस्या समाधानका लागि पहल गर्ने आश्वासन दिने गरेका छन् ।तर उनले आफूसित प्रहरी नरहेका कारण चाहेर पनि सहयोग गर्ने अवस्थामा नरहेको निरीहता व्यक्त गर्छन् ।मधेश प्रदेशमा अनेक समस्या रहे पनि त्यसको समस्या समाधानका लागि आफूले पहल गरे पनि त्यो सार्थक हुन नसकेको राउतको दुखेसो छ ।देशमा संघीयता लागु भए पनि अधिकार संघीय सरकारले नै राखेको छ ।प्रदेशलाई सरकार अधिकार र प्रहरी प्रशासन नदिए सम्म जनभावना अनुरुपको काम गर्न कठिन भएको पीडा पोख्दै राउतले पीडितलाई झन् निराश गर्छन् ।मुख्यमन्त्रीले समस्याको समाधान गर्ने ठूलो आश र विश्वासका साथ मधेश प्रदेशका विभिन्न जिल्लाहरुबाट पीडितहरु आउने गरेका छन् ।तर उनीहरुलाई मुख्यमन्त्रीले आफ्नो विवशता सुनाउँदै पीडितहरुलाई फेरि आउन नहुने वातावरण बनाउने गरेका छन् ।मुख्यमन्त्रीलाई चुरे संरक्षण संघर्ष समिति र मिटर ब्याजी पीडितहरुले आईतवार साउनको झरीमा रुझ्दै ज्ञापन पत्र बुझाए ।उनीहरुलाई समस्या समाधान हुने ठूलो विश्वास थियो ।रिले अनशन बसेका प्रदेशभरिका पीडितहरुले चुरेको संरक्षणका लागि सरोकारवालाहरुलाई गुहारिरहेका छन् ।तराई/मधेशको जीवन रहेको चुरेको संरक्षणका लागि मधेश प्रदेश सरकारले बजेट विनियोजन गरेकोछ ।तर संरक्षणका लागि मधेश प्रदेश सरकारले पहल भने गरेको छैन् ।पालिकाहरुलाई चुरे संरक्षण गर्ने कानून र अधिकार रहेकोछ ।संघीय सरकारमाथि मधेश प्रदेश सरकारको दबाब छैन् ।कानूनी अधिकार पनि मधेश प्रदेश सरकारसित छैन् ।चुरे क्षेत्रमा अवैध उत्खनन नियमित रुपमा भइरहेको छ ।चुरे क्षेत्रलाई संरक्षणका लागि चौतर्फी आवाज उठे पनि संघीय सरकारले चासो लिएको छैन् ।चुरे विनासमा देशका ठूला नेताहरुको संलग्नता छ ।त्यसलाई रोक्न संघीय सरकारले चासो लिने विषय नै भएन् ।मिटर ब्याजीहरुबाट पीडित भएकाहरुको पीडालाई मुख्यमन्त्रीले सम्बोधन गर्न सक्ने अवस्था छैन् ।हुनत मिटर ब्याजीहरुको विषयमा संघीय सरकारले कडा कारबाही गर्न स्थानीय प्रशासनहरुलाई निर्देशन दिइसकेको छ ।मिटर ब्याजीहरुको विषयमा कतिपय मानिसहरुले अतिरञ्जित प्रचारप्रसार गरी साहुको रकम डुबाउने प्रयास गरेको आरोप समेत लाग्न थालेको छ ।मुख्यमन्त्री राउतले निरीहता देखाउनु भन्दा ज्ञापन पत्र लिनु नै हुँदैन् ।पीडितलाई उल्टै पीडा हुने किसिमको पीडा मुख्यमन्त्रीले दिनु भन्दा मनोबल बढने किसिमको सुझाव दिनु आवश्यक छ ।पीडितलाई निराश बनाउने काम मधेश सरकारबाट भइरहेको छ ।मधेश प्रदेश सरकारले आमनागरिकका राहत हुने किसिमले ठोस कार्य गर्न सकेको छैन् ।चुरे संरक्षणका लागि मधेश सरकारले ठोस योजना सहितको कामलाई अगाडि बढाए भारी जनसमर्थन प्राप्त हुनेछ ।त्यस तर्फ सरकारको सोंच छैन् ।पालिकाहरुसित समन्वय गरी मधेश सरकारले चुरे संरक्षणका लागि काम थाल्नु पर्छ।

# गरिबीको दुःख

प्रसिद्ध आइरिस कवि र नाटककार जर्ज बर्नार्ड शालाई लिएर एउटा हँस्यौली लोकप्रिय छ। शा आफ्ना एक जना साथीसंग कतै जाँदै थिए । सामुन्नेबाट एकजना अति मोटो र एक जना अति दुब्लो मानिस संगसंगै आउँदै थिए। दुब्लो मानिसलाई देखाउँदै शाले साथीलाई भने – 'हेर कति अकाल परेको मान्छे।' अनि फेरी उनले मोटो मानिसतिर देखाउँदै भने –'हेर, अकाल पार्ने मान्छे ।' पूँजीवादी असमानताप्रतिको यो तीखो व्यङ्ग्य हो। केही यस्तै चर्चा यस लेखमा गरिएको छ।

गत आइतवार मधेश प्रदेशको राजधानी जनकपुरमा दुईवटा राजनीतिक महत्वका घटनाहरुले वर्तमान राजनीतिक परिवर्तनको अधुरोपनालाई प्रदर्शित गऱ्यो। यस्ले तपाँईको ध्यानपनि आकर्षित गरेका हुनुपर्छ । गर्नुपनि पर्छ । आखिर देशको राजनीतिक परिवर्तनमा हामी सबै सामेल छौं।

पहिलो घटना प्रदेशका भूमिहीन महिलाहरुको एउटा समूहले काँखे बालकसहित मूख्यमन्त्री कार्यालय सामू सडकमै सुतेर जग्गाको माँगगर्दै विपन्नता तथा भुमिहीनताको दुःख तर्फ प्रदेश सरकारको ध्यान आकर्षित गर्ने प्रयास गऱ्यो । यी भूमिहिनहरुको पीडामा पुस्तौं पुस्तादेखी विद्यमान भयावह गरिबीको दुःख त छँदैछ, यस्मा सडक छेउको सार्वजनिक जग्गामा वा दुईतीन धूर ऐलानी जग्गामा पुस्तौं पुस्ता बिताएको तर अहिले समाजका सम्वेदनहीन अगुआ तथा भूमाफियाहरुले त्यहाँबाट धपाउने प्रयास गरिरहेको दुःखपनि सामेल छ।

यो पनि गज्जब छ। एकातिर सरकार, मन्त्री र साँसद लगायत जनप्रतिनिधि र कर्मचारीतन्त्रलाई औंलामा नचाउने पूँजीपति र उद्योगपतिहरु वन जङ्गल र सार्वजनिक जग्गाहरु खुलेआम अतिक्रमण गरिरहेका छन्, भने अर्कोतिर देशको गरीब भूमिहीन जनता खुला आकाशमुनि बाँच्ने अवस्थामा छ। वास्तविकरुपमा सरकार गरिब जनताप्रति प्रतिबद्ध भैदिएको भए सरकारसंग भूमिहीन र गरीब जनताको पूर्ण र प्रष्ट लगत हुन्थ्यो, सरकारले उचित जग्गाको खोजी गर्थ्यो र गरीब भूमिहीनले आवश्यकतानुसारको जग्गा पाउने गर्थे । मठमन्दिर र गुठीको नाममा हजारौं बिघा जग्गाले आलसी महन्त, पुजारी, भ्रष्ट जनप्रतिनिधि र कर्मचारीहरु तथा भूमाफियाहरुलाई दिन प्रतिदिन झन् झन धनी बनाउँदैछ र अर्कोतिर गरिब र विपन्न जनता भुमिहीन भएर भौंतारिने अवस्था छ।

भन्नलाई त भूमिहीन सुकुमवासीलाई जग्गा वितरण गर्न सरकारले सुकुम्वासी आयोग खडा गरेको छ। तर यो आयोग पहुँचबालाको निम्ती मात्र छ । सुकुम्वासी आयोग वर्षौंदेखी काम गरिरहेको छ, तरपनि भुमिहीन विपन्नहरुको बढदो संख्याले सरकारको यस नीतिको असफलता साबित गर्छ।

आइतवारकै दिन मीटरब्याजी अर्थात सूदखोर महाजनको जालझेलबाट हैरान र धोती न टोपीको स्थितिमा पुगेका गरीब जनसमुदायले सूदखोर महाजनहरुलाई कार्वाही गर्नु पर्ने तथा आफूहरुलाई ऋणको अनन्त चक्रबाट मुक्ति दिलाउन सहयोग गर्नका निम्ती मूख्यमन्त्रीको कार्यालय घेराउ गरे र मूख्यमन्त्रीलाई ज्ञापनपत्र बुझाए । ऋण र अनन्त ब्याजको पासोमा फँसेका ऋणीहरुको पीडापनि अकल्पनीय छ। ३६ प्रतिशत चक्रवृद्धि वार्षिक ब्याज तिर्दापनि मूल साउँको तीनगुना रकमको तमसुक गर्नुपर्ने र यस वापत जग्गा जमिन साहुको नाममा दृष्टिबन्धक गर्नुपर्ने बाध्यतामा परेका कयौं ऋणीहरुले जग्गा गुमाएरपनि ब्याजको अनन्तचक्रबाट मुक्ति नपाएका अवर्णनीय, अकल्पनीय दुःखी गाथाहरु पटक पटक मिडियामा सार्वजनिक हुँदै आएका छन्। खाँचो परेको बेला सरकार सहयोगी भैदिएको भए गरिब ऋणीहरुले यो स्थिति भोग्नु पर्दैनथ्यो। प्रायः अधिकांश गाथाहरुमा रोजगारीको सिलसिलामा विदेश जान वा छोरीको बिहामा वा गम्भीर बिमारीको बाध्यात्मक स्थितिमा यी गरिबहरुले मीटरब्याजीहरुसंग चर्को ब्जाजमा ऋण लिएको सन्दर्भ छ।

यो चर्को ब्याजको स्थिति नै हो किअप्रत्यक्षरुपमा ब्याजमा ऋण लगानी गर्नु व्यवसायकै रुपमा विकसित भएको देखिन्छ। नामूद मीटर ब्याजीहरु तँ छँदैछन्, अचेल त अन्यहरुले पनि उपार्जन (उपआर्जन)को रुपमा ऋण कारोबार अपनाएका छन् । ब्याजमा ऋण लगानी गर्नेमा साहु महाजन मात्रै होइन, अचेल पैसा हुने शिक्षक, प्रोफेसर र अन्य पेशाधारीहरु पनि देखिएका छन् । गरिब समुदायभित्र गर्जो टार्नलाई बेला बेलामा ऋण लिनुपर्ने बाध्यात्मक परिस्थिति हमेशा कायम रहन्छ, र यसकारण ब्याजमा ऋण लगानी अहिले थोरैबाट धेरै कमाउने सहज उपाय जस्तो भएको छ। कति विडम्बनायुक्त छ हाम्रो समाज र आर्थिक संरचना !

देशमा थुप्रै बैंकहरु छन्, जस्ले देशको आर्थिक उन्नती तथा जनतालाई खाँचो परेको बेला सहयोगीको रुपमा उभिने गरेको दावी गर्छ । तर परिस्थिति कस्तो छ भने गरिब वर्ग गर्जो टार्न बैंकको साटो मिटरब्याजीको शरण पर्नु परेको छ। बरु स्थिति कति सम्म भयावह छ भने सरकारी सुविधाको फाइदा उठाएर कयौं मिटरब्याजीहरुले नै बचत बैंक खोलेका छन्, जहाँ न्यून आय भएकाहरु बाट नै बचत जम्मा गरिन्छ र उनिहरुलाई नै चर्को ब्याजमा ऋण दिइन्छ। यतिमात्र कहाँ हो र ! यी मिटरब्याजी बचत बैंकका प्रमुखहरुले बैंकबाट आफै पैसा झिकेर व्यक्तिगत्स्तरमा चर्को ब्याजमा ऋण लगानी गरेको कुरापनि सुनिन्छ। यहाँपनि सरकार इमान्दार भैदिएको भए र बैंकसंग ऋण लिन सहज भैदिएको भए, गरिब जनताले मिटरब्याजीको पासोमा फँसेर सिरीखुरी समेत गुमाउनु पर्दैनथ्यो।

जनकपुरमा मूख्यमन्त्री कार्यालय सामू आइतवार भएका यी दुईवटा घटनाहरुमा तादात्म्य छ। पहिलो घटनाले गरिबी विरुद्धको अनेक सरकारी नीति तथा कार्यक्रमका बावजूदपनि गरिबी बढी रहेको देखाउँछ, भने दोस्रो घटनाले आम जनता कसरी गरिब हुँदै गएका छन् अर्थात गरिब हुने प्रक्रिया र कारक देखाउँछ । जतिसुकै कमाएपनि साहुलाई ब्याजमा बुझाउनै परेपछि र त्यतिलेपनि नभएर साहुको जालझेलमा परेर भएको सम्पत्ति समेत गुमाउनु परेपछि के गरि उक्सनु ?

यी गरिबहरु मध्ये केही पुस्तोदेखीको गरिबीको दुष्चक्रमा फँसेका हरुको स्थिति यथावत् छ र केही न्यून आयको बाटो हुँदै गरिब हुँदै गैरहेका छन् । राज्यका मन्त्री, साँसद र जनप्रतिनिधि तथा कर्मचारीतन्त्र अर्थात राजनीतिक समाज दिन प्रति दिन धनी हुँदै गएको, देशमा व्यक्तिगत् महँगा कार मात्रै होइन, अब त केही धनाढ्यहरु संग हेलीकप्टर र हवाई जहाज भएको अवस्थामा देशका एउटा जनसमुदाय लालाबाला सहित जग्गाको माँग गर्दै सडकमा सुतेर प्रदर्शन गर्न बाध्य छन् ; र त्यसैगरी गर्जो टार्न मिटर ब्याजीको पासोमा, भएको झोली तुमडी समेत गुमाउन विवश हुनु वर्तमान राजनीति, व्यवस्था तथा समाजको निम्ती सबैभन्दा लज्जास्पद र विडम्बनायुक्त स्थिति हो । यो स्थिति त्यतिबेला झन् हास्यास्पद् हुन जान्छ, जतिबेला कुनै प्रधानमन्त्री, वा मूख्यमन्त्री, वा मन्त्री कुनै तारे होटलमा आयोजित भव्य गोष्ठीमा गरिबीमाथी प्रवचन दिन्छ र गरिबीबाट मुक्तिको कार्यक्रम घोषणा गर्छ । आजभोली प्रायः गरिब जनताको स्थितिबारे चर्चा गर्न भव्य होटेलमै कार्यक्रम गर्ने चलन छ। गरिबी मुक्तिको यस सरकारी भव्य अभियानमा विदेशी लगानीमा सञ्चालित गैरसरकारी संस्था (एनजीओ)हरु पनि हुने गर्छन् । यी गैरसरकारी संस्थाहरुले गरिबको कल्याण नगरेपनि यसका सञ्चालकहरुको कल्याण भने अवश्य गरेका छन्।

मलाई लाग्छ, गरिबीमुक्तिको निम्ती विचार गोष्ठी र तथ्याङ्क संकलन र कार्यक्रमिक नीति निर्माण विमर्श गोष्ठीहरुमा वर्षभरीमा जति सरकारी र गैरसरकारी रकमखर्च गरिन्छ, त्यति रकम गरिब र विपन्नहरुमा सोझै वितरण गरिदिएको भए कयौंको कल्याण हुने थियो । हामी यस्तै निर्लज्ज स्थितिबाट गुज्रँदै छौं।

देश संघीय गणतन्त्रमा छ। तीनतहको सरकार छ। स्थानीय सरकारको दोस्रो पञ्चवर्षीय कार्यकाल शुरु भैसकेको छ र संघीय तथा प्रदेश सरकारको पहिलो निर्वाचित कार्यकाल समाप्त हुँदैछ । अनुमान गरे अनुसार नै भयो भने आगामी मंसीरमा संघीय र प्रदेश संसदको दोस्रो निर्वाचन हुनेछ। तर यी सरकारहरुको समीक्षा गर्ने हो भने गरिब र विपन्नको दृष्टिमा यो सरकार पूर्णतः असफल देखिन्छ। अझ सम्विधानले वर्तमान व्यवस्थालाई समाजवादोन्मुख घोषणा गरेको बेला एकातिर भूमाफिया, भ्रष्ट कर्मचारी तथा बजारको मनोमानीपूर्ण दबदबा, अर्कोतिर गरिखाने वर्ग तथा गरिब र विपन्न वर्ग चेपुआमा पर्नु, गरिबीको अनन्त खाडमा दिनदिनै जाकिँदै जानुले वर्तमान सरकारलाई पूर्णरुपमा कलंकित गर्छ । परिस्थिति कस्तो देखिन्छ भने गरिब र विपन्न वर्ग चौतर्फीरुपमा उपायविहीन र निरीह देखिन थालेका छन्।

मिटरब्याजीको दुष्चक्रमा दिक्कवाक्क भएको स्थिति होस वा भूमहीनताको चरम दारुणता भोगी रहेको स्थिति होस, गरिब र विपन्न वर्ग सडकमा आउनुले त्यस वर्गमा उकुसमुकुस बढदै गएको स्थितिको संकेत गर्छ । यस स्थितिलाई समयमै उचित तरिकाले सम्बोधन गरिएन भने यो विष्फोटक स्थितिको संकेतपनि हुनसक्छ । आखिर पीडाको घनीभूतता बढदै गएपछि विष्फोटमै त परिणत हुने हो ! हुनपनि तराई मधेशमा यस प्रकारका विष्फोटका प्रशस्त ऐतिहासिक उदाहरणहरु छन्। यस सन्दर्भमा विगतमा भएका पटक पटकका साना किसान तथा खेतिहर मजदूरहरुका विद्रोहलाई स्मरण गर्न सकिन्छ। ००८ सालदेखीको पटक पटक बारा पर्सादेखी सिरहा सप्तरीसम्म भएका बोनी (बोइन) आन्दोलन, होस वा जाली साहु महाजनका विरुद्धको तमसुकफट्टा आन्दोलन होस वा जमिन्दार विरुद्धको रे नहीजी कहो, र मौंछ उखाड आन्दोलन, तत्कालीन स्थितिमा शोषक जमिन्दार तथा जाली साहु महाजनहरुबाट सिर्जित बेथितिकै विरुद्धको आन्दोलन हो।

अहिले स्थिति फेरिएको छ। अहिले जनताको अथक संघर्षबाट विकसित आफ्नो भन्ने संघीय लोकतान्त्रिक गणतान्त्रिक व्यवस्था छ । अहिले त्यस्तो न होस भन्ने कामना गर्न सकिन्छ । तर देशका बहुसंख्यक श्रमिकवर्ग, गरिब र विपन्न वर्गको दुःख घनीभूत हुँदै गएमा, उनिहरुको निरीहता र निरुपायपना बढदै गएमा, शोषक साहु महाजन तथा भ्रष्ट कर्मचारीतन्त्र तथा राजनीतिक प्रतिनिधिहरुबाट शोषण बढदै गएमा विष्फोटनका सम्भावनालाई इन्कार गर्न सकिन्न। त्यसैले वर्तमान शासकवर्गले वास्तविक अर्थमा जनविरोधी शोषक तत्वहरुमाथी छिटोभन्दा छिटो लगाम कस्नु आजको आवश्यकता हो । आश्रयको निम्ती जग्गाको माँग गर्दै सडकमा लम्पसार परेको विपन्न भूमिहीन महिलाको समूह तथा मिटरब्याजीको पासोमा सिरीसम्पत्ती गुमाएर मूख्यमन्त्रीलाई ज्ञापन दिन आएका विपन्नहरुको समूहले यस्तै संकेत दिन्छ। देशको उन्नतीको निम्ती विपन्नवर्गको दुःखको सम्बोधन आवश्यक छ।



रोशन जनकपुरी

> *जनकपुरमा मूख्यमन्त्री कार्यालय सामू आइतवार भएका यी दुईवटा घटनाहरुमा तादात्म्य छ। पहिलो घटनाले गरिबी विरुद्धको अनेक सरकारी नीति तथा कार्यक्रमका बावजूदपनि गरिबी बढी रहेको देखाउँछ, भने दोस्रो घटनाले आम जनता कसरी गरिब हुँदै गएका छन् अर्थात गरिब हुने प्रक्रिया र कारक देखाउँछ। जतिसुकै कमाएपनि साहुलाई ब्याजमा बुझाउनै परेपछि र त्यतिलेपनि नभएर साहुको जालझेलमा परेर भएको सम्पत्ति समेत गुमाउनु परेपछि के गरि उक्सनु ? यी गरिबहरु मध्ये केही पुस्तोदेखीको गरिबीको दुष्चक्रमा फँसेका हरुको स्थिति यथावत् छ र केही न्यून आयको बाटो हुँदै गरिब हुँदै गैरहेका छन्।*

# सामान्य गणितको प्रयोग गरेर चिट्ठा 'ह्याक'

**बीबीसी**

न्यूयोर्क । चिट्ठा पर्नु भनेको अधिकांश मानिसहरूको निम्ति दुर्लभ घटना हो। तर एक अमेरिकी दम्पतीले सामान्य अङ्कगणितको सहारा र चिट्ठाका सर्तहरूमा सूक्ष्म ध्यान पुऱ्याएर पुरस्कार जितिरहे । जेरी र मार्ज सेल्बीले अमेरिकाका दुई राज्यमा सन् २००३ देखि २०१२ को बीचमा दर्जनौं पटक चिट्ठा पारेर २.६ करोड अमेरिकी डलर वा सवा तीन अर्ब रुपैयाँ बराबर पुरस्कार जिते।

के थियो उनीहरूको जुक्ति? कुनै कानुन उल्लङ्घन नगरीकन गरिएको एउटा साधारण हिसाबकिताब जसलाई जेरीले "तीन मिनेटभित्रै गरिसक्ने" बताएका छन् । उक्त दम्पतीको असाधारण कहानी अब हलीवुड पुगेको छः जेरी एन्ड मार्ज गो लार्ज, उक्त दम्पतीको कथाबाट प्रेरित चलचित्र गत महिना सार्वजनिक भएको छ। सो चलचित्रमा "ब्रेकिङ ब्याड" का अभिनेता ब्र्यान क्र्यान्स्टन र आनेट बेनिङको अभिनय छ।

द डेभिल वेअर्स प्राडाजस्ता फिल्मबाट परिचित डेभिड फ्र्याङ्कले निर्देशन गरेको उक्त चलचित्रमा केही रचनात्मक कथा थपिए पनि त्यसले सेल्बी दम्पतिको साधारणपन र कसरी तिनले त्यत्तिका चिट्ठा जिते पनि आफूहरूमा पैसाको मात चढ्न दिएनन् भन्ने देखाउन खोजिएको छ । सावधानः यो सामग्रीले फिल्मका केही कथा बताउँछ।

**'यो केवल साधारण अङ्कगणित हो'**

सेल्बी दम्पती मिशिगन राज्यको सानो नगर इभरेटमा बस्दै आएका छन्। वर्षौंसम्म उनीहरूले नगरको मुख्य भागमा सानो किराना पसल चलाए । छ सन्तानका बुबाआमा जेरी र मार्जले सन् २००३ तिर आफ्नो व्यवसाय विक्री गरे। अब बाँकी जीवन कसरी व्यतीत गर्ने भन्ने सोचविचार गर्दैगर्दा एकदिन जेरीको दृष्टि विन्डफल स्टेट लटरी (उक्त राज्यमा सञ्चालित एउटा चिट्ठा कार्यक्रम)को सूचनामा पऱ्यो।

साना अक्षरमा लेखिएका चिट्ठाको नियम गहन अध्ययन गरेपछि जेरीले मनमनै हिसाब गरे। त्यहाँ उनले ठूलै मौका भेट्टाए । "मैले त्यसमा रहेको एउटा कमजोरी फेला पारेँ," सन् २०१९मा अमेरिकाको सीबीएस टेलिभिजनसँगको अन्तर्वार्तामा जेरीले भनेका छन्। विन्डफलको चिट्ठा जित्न खेलाडीले छ वटा भिन्न अङ्क मिलाउनुपर्थ्यो। तर यदि चिट्ठा कार्यक्रमको छवटा अङ्क एकैजना कसैले मिलाउन नसकेको खण्डमा पुरस्कार राशी पाँचवटा, चारवटा वा तीनवटा अङ्कमात्रै मिलाउनेहरूलाई बाँडिन्थ्यो।




त्यस्तो नियमअन्तर्गत जित्ने सम्भावना सबै अङ्क मिलाउने ज्याकपट चिट्ठा जित्ने भन्दा धेरै रहन्थ्यो। ठूलो संख्यामा चिट्ठाका टिकटहरू किन्दा जित्ने बलियो सम्भावना हुने जेरीले ठम्याए। उनले गरेको हिसाबअनुसार १,१०० डलरको टिकट किन्दा चार अङ्क मिल्ने सम्भावना सहितको कम्तीमा एउटा विजेता टिकट हात पर्थ्यो। मैले १,००० डलर पुरस्कार राशीको चार अङ्क भएको एउटा विजेता टिकट र ५० डलर पुरस्कार राशीका १८ वटा तीन अङ्कवाला वा ९०० डलरका विजेता टिकट पाएँ," उनले बताए। "अर्थात् १,१०० डलर खर्च गरेर मैले १,९०० डलर कमाएँ।" "यो केवल साधारण अङ्कगणित मात्र हो," उनले बताए।

**टिकट किन्न कम्पनी**

प्रत्येक वर्ष विभिन्न राज्यका चिट्ठा कार्यक्रममा सहभागी हुन अमेरिकीहरूले ७० अर्ब डलर खर्च गर्ने गरेको अमेरिकी सेन्सस ब्यूरोको तथ्याङ्क छ। अर्थात् औसतमा प्रत्येक अमेरिकीले एक वर्षमा २३० डलर चिट्ठा किन्न खर्च गर्छन्। सेल्बी दम्पतीले चाहिँ उक्त औसतभन्दा निकै धेरै खर्च गरे। तर त्यसले उनीहरूको चिट्ठा जित्ने सम्भावना बढाइदियो । अनि जेरीले आफ्नो लगानी बढाउन पनि हिच्किचाएननः पछि उनले ३,६०० डलरको लगानी गरेर ६,३०० डलर जिते। अर्को पटक उनले ८,००० डलरको टिकट किने अनि दोबर रकम कमाए।

त्यसपछि उनले यो सबै कुरा आफ्नो पत्नीलाई सुनाए । अब सेल्बी दम्पतिले हजारौं डलर लगानी गर्न थाल्यो र स्रोत व्यवस्थापनका निम्ति जीएस इन्भेस्टमेन्ट स्ट्र्याटजीज एलएलसी नामक एउटा छुट्टै कम्पनी स्थापना गरे । एउटा बिन्दुमा उनीहरूले समुदायका अन्य सदस्यहरूलाई पनि कम्पनीको शेअर ५०० डलरमा बेचेर आफ्नो योजनामा सहभागी गराए। सहभागीहरूमा इभरेट नगरका किसान तथा वकिलहरू पनि थिए। चिट्ठा पर्दै गयो। सबभन्दा धेरै एक पटक ८.५ लाख डलरसम्म जितेको उनीहरूको लेखा अभिलेखमा देखिन्छ। सेल्बी दम्पतीको निम्ति यो नाफामूलक त थियो तर अब उनीहरू अवकाशको जीवनबाट बाहिरिनुपऱ्यो। किनभने ठूलो संख्यामा टिकट खरिदका निम्ति निकै समय र मेहनत लाग्थ्यो । मिशिगन राज्यको विन्डफल लटरी कार्यक्रम सकिएपछि जटिलता थपियो। तर दम्पतीका एकजना मित्रले त्यहाँकै जस्तो चिट्ठा कार्यक्रम क्याश विन्डफलको नाममा इभरेटबाट हजारौं किलोमिटर टाढा म्यासचूसिस्ट राज्यमा सञ्चालन भइरहेको जानकारी दिए।

केही बेरको हिसाबपछि जेरीलाई लाग्यो जित जारी रहन सक्छ। त्यसपछि छ वर्षसम्म सेल्बी दम्पतीले निरन्तर म्यासचूसिट्स जाँदै त्यहाँका दुईवटा स्टोरबाट टिकट किन्दै क्याश विन्डफल खेल्न थाले । प्रत्येक पटकको चिट्ठा कार्यक्रममा उनीहरूले औसत छ लाख डलर खर्च गर्थे - त्यो पनि वर्षको सात पटक । कामको सिलसिलामा सेल्बी दम्पतीले होटलमा १० दिनसम्म १०-१० घण्टाको शिफ्टमा हातैले टिकट जाँच गर्थे। अहिले ८० वर्ष उमेरका जेरी उक्त काम 'रमाइलो' भएको सम्झिन्छन्। "कुनै काममा सफल भएको सन्तुष्टि त्यसले दिन्थ्यो। त्योपनि आफ्नो निम्ति मात्र नभई आफ्ना साथीभाइ र परिवारका निम्ति," उनले भने।

**के सेल्बी दम्पतीको काम वैधानिक थियो?**

उनीहरूको रोमाञ्चक यात्रा सन् २०१२ मा अन्त्य भयो जब बोस्टन ग्लोबले गरेको एउटा छानबिनमा म्यासचूसिट्सका केही स्टोरहरूले शङ्कास्पद देखिनेगरी धेरै सङ्ख्यामा विजेता टिकटहरू बेचेको भेट्टायो । सेल्बीहरूले जस्तै अरूले पनि त्यसै गरिरहेका रहेछन्। प्रतिष्ठित म्यासचूसिट्स इन्स्टिट्यूट अफ टेक्नोलजी (एमआईटी) का विद्यार्थीहरूको एउटा समूहले पनि क्याश विन्डफल खेलिरहेको रहेछ। उक्त समाचारपश्चात् राज्यका अधिकारीहरूले लटरी कार्यक्रममा कुनै किसिमको ठगी वा अनियमितता भएको छ कि भनेर अनुसन्धान गराए। तर कुनै गैरकानुनी काम भएको फेला परेन।

"हामी छानबिनमा संलग्न हुँदा जनमानसमा कुनै किसिमको सङ्गठित अपराध वा भ्रष्टाचार भएको छ कि भन्ने भान परेको थियो," अनुसन्धानको नेतृत्व गरेका इन्स्पेक्टर ग्रेग सुलिभानले सीबीएसलाई बताए। "तर यी हिसाबमा पोख्तहरूले लटरी जित्ने कानुनी छिद्र भेट्टाएको र त्यसैमार्फत् दशौं लाख डलर जितेको देख्दा म चकित भएँ।"

खासगर सेल्बी दम्पती वा ती विद्यार्थीहरूले त्यतिखेरमात्र पुरस्कार राशी जित्थे जतिखेर क्याश विन्डफलमा सहभागी कसैले पनि छवटै अङ्क मिलाउन सक्दैनथे - कोही एक जनाले ज्याकपट जितेको खण्डमा यी दम्पती र एमआईटीका विद्यार्थीको लगानी खेर जान्थ्यो। अर्थात् लटरी जित्ने तथ्याङ्कीय सम्भावनाको हिसाब निकालेका जोकोहीले पुरस्कार जित्न सक्थे। साथै सुलिभानले औंल्याएजस्तै क्याश विन्डफल कार्यक्रम म्यासचूसिट्स राज्यका निम्ति लाभजनक व्यवसाय थियो। उसले लटरी कार्यक्रम सञ्चालन गरेरै १२ करोड डलर कमाएको थियो ।

**घरको शृङ्गार तथा परिवारको शिक्षा**

पछि क्याश विन्डफल कार्यक्रम रद्द गरियो। अचेल जित्ने सम्भावना बढाउन सकिने यस प्रकारका लटरी कार्यक्रम अमेरिकामा कतै सञ्चालित छैनन् । तर सेल्बी दम्पतीले दशौं लाख डलर जितिसकेका छन्। जेरीका अनुसार उनीहरूले मात्र करकट्टीपश्चात् आठ लाख डलर कमाए। तर त्यो रकम उनीहरूले विलासी चिजबिज वा तडकभडकमा नभएर आफ्नो घरको शृङ्गार अनि छ छोराछोरी, १४ नातिनातिना अनि १० पनातिपनातिनाको पढाइलेखाइमा खर्च गरे।

त्योभन्दा पनि सेल्बी दम्पतीले यो काममार्फत् निकै रमाइलो प्राप्त गरे । "रमाइलो थियो। बडा मज्जा आउँथ्यो," मार्जले सीबीएसलाई भनिन् । अनि उनीहरूले हलीवुडको १५ मिनेटको प्रतिष्ठा पनि बटुल्न भ्याएका छन्ः अभिनेता ब्र्यान क्र्यान्स्टन र आनेट बेनिङसँग चलचित्रको प्रीमिअरका बेला सेल्बी दम्पतीले रातो कार्पेटमा हिंड्ने अवसर पाए ।

# एमालेको जनप्रदर्शन सुरु




काठमाण्डु । प्रमुख प्रतिपक्षी नेकपा (एमाले) ले जनसरोकारका विषयमा सोमबार काठमाण्डुमा आयोजना गरेको वृहत् जनप्रदर्शन कार्यक्रम सुरु भएको छ । मुलुकमा महँगी, भ्रष्टाचारलगायतका गतिविधि बढेको भन्दै सोको विरोधमा राजधानीका विभिन्न स्थानबाट र्‍याली सुरु भएको हो । जनप्रदर्शन आयोजक कमिटीका कृष्णगोपाल श्रेष्ठका अनुसार जनप्रदर्शन दिउँसो वसन्तपुरमा मिसिएर भित्री सहर प्याफल, नरदेवी, बाङ्गेमुढा, असन, भोटाहिटी हुँदै शान्तिबाटिकामा पुगेर समापनसभामा परिणत हुनेछ ।

जनप्रदर्शनमा पार्टीका काठमाण्डु उपत्यकाका भूगोलका तीन जिल्ला, उपत्यका विशेष प्रदेश र त्यसअन्तर्गतका चार जिल्ला, सम्पर्क कमिटी, जनवर्गीय सङ्गठन, सांसदहरू, पार्टीको केन्द्रीय विभागको सहभागिता रहने छ । रासस

# 'शैक्षिक गुणस्तर अभिवृद्धिमा जोड'

गण्डकी । पोखरा महानगरपालिकाका प्रमुख धनराज आचार्यले दक्ष जनशक्ति उत्पादनका लागि शैक्षिक गुणस्तर अभिवृद्धि हुनुपर्नेमा जोड दिनुभएको छ ।

पोखरा महानगरपालिका-१६, बाटुलेचौरस्थित विन्ध्यवासिनी माविको हीरक जयन्तीअन्तर्गत पुरस्कार वितरण, सम्मान तथा बिदाइ कार्यक्रमको उद्घाटन समारोहमा उहाँले राज्यको ठूलो लगानी शिक्षा क्षेत्रमा रहेकाले सामुदायिक विद्यालयको शैक्षिक गुणस्तर अभिवृद्धिका लागि सम्बद्ध सबैको सामूहिक प्रयास आवश्यक हुने बताउनुभयो ।

दक्ष जनशक्ति विदेशिने क्रम जारी रहेकाले त्यसलाई रोक्न राज्यले शिक्षा क्षेत्रमा सुधार सँगसँगै प्राविधिक ज्ञान, सीप र रोजगारीका अवसर सिर्जना गर्नुपर्नेमा उहाँले जोड दिनुभयो । विन्ध्यवासिनी मावि नेपालकै उत्कृष्ट विद्यालयमा पर्न सफल भएकोमा खुसी व्यक्त गर्दै उहाँले यसले समग्र पोखरा र गण्डकी प्रदेशकै इज्जत बढाएको भन्दै प्रशंसा गर्नुभयो ।

पोखरा-१६ का वडाध्यक्ष अमृत शर्मा तिमिल्सिनाले विद्यालयले भोगेका समस्याप्रति आफू जानकार रहेको बताउँदै समस्या समाधानका लागि सक्दो सहयोग गर्ने विश्वास व्यक्त गर्नुभयो । विद्यालय व्यवस्थापन समितिका अध्यक्ष चन्द्रा थापाले सबै पक्षको सहकार्यबाट विद्यालय उत्कृष्ट बन्न पुगेको बताउँदै विद्यालयमा प्राविधिक शिक्षा स्थापना, स्कुल बस तथा स्वास्थ्यसँग सम्बन्धित कर्मचारीको व्यवस्थाका लागि स्थानीय सरकारसँग आग्रह गर्नुभयो ।



उक्त अवसरमा अक्षयकोषदाता दुर्गा केसी थापा, मेहरमान थापा, भीमबहादुर थापा, प्रकाश अधिकारी, रमेश अधिकारी, एसइईका सर्वोत्कृष्ट विद्यार्थी सिन्धु लम्साललगायतलाई सम्मान गरिएको थियो ।

साथै अनिवार्य अवकास लिनुभएका विद्यालयका सहायक प्रधानाध्यापक जीवनाथ शर्मा पौडेल, शिक्षिका सीता बस्नेत र लेखापाल जीवनारायण श्रेष्ठ 'जीवन' लाई सम्मानसहित बिदाइ गरिएको थियो । शैक्षिक सत्र २०७७/०७८ को शैक्षिक पुरस्कार तथा छात्रवृत्ति प्रदान गरिएको थियो।

विद्यालयका प्रधानाध्यापक कृष्णप्रसाद आचार्यले विद्यालयले यस शैक्षिक सत्रमा प्राप्त गरेको उपलब्धि तथा आगामी योजनाका बारेमा जानकारी गराउनुभयो । विद्यालय व्यवस्थापन समितिका अध्यक्ष थापा, लेखापाल भीमबहादुर गायक, सहायक प्रधानाध्यापक भेषराज पौडेल, निमावि तह इन्चार्ज महेन्द्रप्रसाद पौडेललगायतले विद्यालयका विभिन्न गतिविधिबारे प्रकाश पार्नुभएको थियो । पचहत्तर वर्षअघि स्थापना भई यस क्षेत्रको शैक्षिक विकासमा महत्वपूर्ण योगदान गरेको विद्यालयले हीरक जयन्तीका अवसरमा विभिन्न कार्यक्रम सञ्चालन गर्दै आएको छ । रासस

# वैदेशिक रोजगारीलाई थप व्यवस्थित र मर्यादित बनाउँछु : मन्त्री कुँवर



काठमाण्डु । श्रम, रोजगार तथा सामाजिक सुरक्षामन्त्री शेरबहादुर कुँवरले वैदेशिक रोजगारीलाई थप व्यवस्थित र मर्यादित बनाउने बताउनुभएको छ ।

निगरानी दैनिक मिडिया प्रालिको आइतबार सम्पन्न प्रथम वार्षिकोत्सव एवं 'वैदेशिक रोजगारीका क्षेत्रमा देखिएका समस्या समाधानका उपायहरू' विषयक अन्तर्क्रिया कार्यक्रममा बोल्दै उहाँले वैदेशिक रोजगारीको क्षेत्रमा थुप्रै समस्या रहेको भन्दै यसको समाधानका लागि सरकार गम्भीर भएर लाग्ने बताउनुभएको हो ।

"वैदेशिक रोजगारीको क्षेत्रलाई थप व्यवस्थित र मर्यादित बनाउन सरकारले गैरआवासीय नेपाली सङ्घ (एनआरएनए)सँग सहकार्य गरेर अगाडि बढ्नेछ", उहाँले भन्नुभयो । वैदेशिक रोजगारीको क्षेत्रमा भएका विविध समस्या समाधानका लागि गैर आवासीय नेपाली सङ्घले खेलेको भूमिका प्रशंसनीय भएको उहाँको भनाइ छ ।

मन्त्री कुँवरले सामाजिक सुरक्षा कोष र गैर आवासीय नेपाली सङ्घ (एनआरएनए) बीच भर्खर भएको दुईपक्षीय समझदारी एकदमै महत्वपूर्ण र उपलब्धिमूलक हुनेसमेत बताउनुभयो।एनआरएनएकाअध्यक्ष कूल आचार्यले भर्खरै संसद्बाट पारित भएको नागरिकता विद्येयक राष्ट्रको हितमा भएको उल्लेख गर्नुभयो।उहाँलेनागरिकता विद्येयकले एनआरएनएमा थप उत्साह थपेको बताउनुभयो ।

अध्यक्ष आचार्यले विभिन्न देशसँग संवाद गरी विदेशमा काम गर्ने नेपालीले आर्जन गरेको रकमको केही हिस्सा नेपाल सरकार मातहतको सामाजिक सुरक्षा कोषमा कोष कट्टी गर्ने व्यवस्था गर्न सके विदेशमा कार्यरत नेपाली साथै मुलुकको विकासमा टेवा पुग्ने स्पष्ट पार्नुभयो ।

ट्रेकिङ एजेन्सीज् एशोसियशन अफ नेपाल (टान)का अध्यक्ष खुमबहादुर सुवेदीले नेपालको पर्यटन उद्योगमा रहेका पर्यटन श्रमिकको योगदान उच्च रहेकाले पर्यटन श्रमिकको समस्या समाधानका लागि सरकारले सहयोग गर्न आग्रह गर्नुभयो । रासस

# पालेर्मो प्रोटोकल अनुमोदन गर्न ऐन संशोधन गर्नुपर्ने

काठमाण्डु । महिला, बालबालिका तथा ज्येष्ठ नागरिकमन्त्री उमा रेग्मीले पालेर्मो प्रोटोकल अनुमोदन गर्न आवश्यक पर्ने कानून संशोधन गर्न सरकार लागिरहेको बताउनुभएको छ ।

कानून, न्याय तथा मानवअधिकार समितिले सोमबार आयोजना गरेको 'बहुराष्ट्रिय सङ्गठित अपराधविरुद्धको संयुक्त राष्ट्रसङ्घीय महासन्धिअन्तर्गत मानव बेचबिखन, खासगरी महिला र बाबालिकाको बेचबिखन तथा ओसार पसारको रोकथाम, दमन तथा सजाय गर्ने सम्बन्धमा व्यवस्था भएको पूरक आलेख (पालेर्मो प्रोटोकल)' को छलफलमा उहाँले आवश्यकपर्ने कानून संशोधन गर्न लागिरहेको बताउनुभयो ।

'मानव बेचबिखनको मुख्य कारण गरिबी हो', उहाँले भन्नुभयो, 'अहिले त मिर्गौला झिक्ने अङ्ग बेच्ने कुरा पनि आएको छ, अहिले डिजिटल प्रविधिका कारण धेरै समस्या आएको छ, यस्तालाई नियन्त्रण गर्नुपर्छ ।'

उहाँले वैदेशिक रोजगारीका नाममा हुने मानव बेचबिखनको समस्या सरकारका लागि चुनौती बन्दै गएको र मानव बेचबिखन जस्तो गम्भीर अपराध रोक्न सबैले साझा पहल गर्नुपर्ने बताउनुभयो ।

सरकारले विभिन्न स्वरूपमा हुने गरेको मानव बेचबिखनमा संलग्नलाई कडा कारवाही गर्न र पीडितको संरक्षण गर्न मानव बेचबिखन नियमावली, २०६४ लाई संशोधन गर्न लागिरहेको समेत बैठकमा उहाँले जानकारी गराउनुभयो ।

उक्त मन्त्रालयका सचिव हरिप्रसाद मैनालीले पछिल्लो समयमा भिजिट भिसामा विभिन्न देशमा पुर्‍याइएकाको उद्धार गर्न सरकारलाई समस्या परेको बताउनुभयो ।

महिला, कानून र विकास



मञ्चका कार्यकारी निर्देशक सविन श्रेष्ठले नेपालले पालेर्मो प्रोटोकल अनुमोदन गरिसकेका अवस्थामा मानव बेचबिखन तथा ओसार पसार ऐन, वैदेशिक रोजगारी ऐन, अध्यागमन ऐन, श्रम ऐनलगायत विभिन्न १२/१३ वटा ऐन संशोधन गर्न सरकारलाई सुझाव दिनुभयो ।

चेलिबेटी बेचबिखनविरुद्धको अभियानकर्मी चरिमाया तामाङले महिला भारतमा मात्रै नभई वैदेशिक रोजगारीका नाममा विश्वका विभिन्न देशमा पुर्‍याइने संख्या बढेकाले त्यसलाई रोक्न सरकारले विशेष ध्यान दिनुपर्नेमा जोड दिनुभयो ।रासस

# जनसरोकारका सवालमा एमालेले अगुवाइ गर्छ : महासचिव पोखरेल



काठमाण्डु । नेकपा (एमाले) का महासचिव शङ्कर पोखरेलले जनसरोकारका सवालमा आफ्नो पार्टीले अगुवाइ गर्ने बताउनुभएको छ ।

जनसरोकारका विषयमा राज्यलाई जवाफदेही बनाउन खबरदारी स्वरूप सोमबार काठमाडौं सो पार्टीले आयोजना गरेको जनप्रदर्शन कार्यक्रमलाई समापन गर्दै महासचिव पोखरेलले जनताको सवाललाई उठाउने जिम्मेवारी एमालेको काँधमा आएको र अब महँगी, भ्रष्टाचार र राष्ट्रिय हितविरुद्ध जनता सडकमा आउनुपर्ने बताउनुभयो । जनता र राष्ट्रका विरुद्ध षडयन्त्र गर्नेलाई जानताले नछाड्ने उल्लेख गर्दै उहाँले आजको प्रदर्शन आन्दोलनको थालनी भएको जनाउनुभयो ।

जनप्रदर्शन आयोजक कमिटीका संयोजक एवं पार्टीका स्थायी कमिटी सदस्य कृष्णगोपाल श्रेष्ठले अब हुने निर्वाचनबाट एमालले जनमत प्राप्त गर्ने भएकाले उत्साहका साथ लाग्न कार्यकर्ताहरुलाई आग्रह गर्नुभयो । जनप्रदर्शन दिउँसो २ बजे वसन्तपुरमा मिसिएर भित्री सहर प्याफल, नरदेवी, बाङ्गेमुढा, असन, भोटाहिटी हुँदै शान्तिवाटिकामा पुगेर समापनसभामा परिणत भएको थियो।

जनप्रदर्शनमा पार्टीका काठमाडौं उपत्यकाका भूगोलका तीन जिल्ला कमिटी, उपत्यका विशेष प्रदेश कमिटी र त्यसअन्तर्गतका चार जिल्ला कमिटी, सम्पर्क कमिटी, जनवर्गीय सङ्गठनहरू, सांसदहरू, पार्टीको केन्द्रीय विभागका नेता तथा कार्यकर्ताको सहभागिता थियो । रासस

# २८औँ प्रकाश मानवअधिकार पुरस्कार भूललाई

काठमाण्डु । प्रकाश मानवअधिकार पुरस्कार, २०७८ राजुराम भूललाई प्रदान गरिएको छ । २८ औं प्रकाश स्मृति दिवसको अवसरमा अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) ले सोमबार यहाँ आयोजना गरेको २८ औं प्रकाश मानव अधिकार पुरस्कार वितरण समारोहमा भूललाई उक्त पुरस्कार प्रदान गरिएको हो ।

दासताको एक स्वरूपमा कायम रहेको हलिया प्रथा, जातीय विभेद, मानव अधिकार, सामाजिक न्याय, भेदभाव, असमानता तथा समाजमा व्याप्त अनेक कुरीति विरुद्ध अभियान सञ्चालन गरेको भन्दै भुललाई उक्त पुरस्कार प्रदान गरिएको हो । पुरस्कारको राशि रु



५० हजार रहेको छ ।

पुरस्कृत व्यक्ति भुलले मानव अधिकारको रक्षाका लागि आफ्नो आन्दोलन जारी रहेकाले सहयोग गर्न सबैसँग आग्रह गर्नुभयो । राष्ट्रिय मानव अधिकार आयोगका अध्यक्ष तपबहादुर मगरले कुनै पनि तरिकाबाट मानव अधिकार हनन हुन नहुने भन्दै यसको संरक्षणका लागि स्थानीय तह थप जिम्मेवार बन्नुपर्ने बताउनुभयो । यसअघि उक्त पुरस्कार मनवअधिकारको क्षेत्रमा काम गरेका २७ लाई प्रदान गरिसकिएको छ। रासस

## मदन भण्डारी स्कुल अफ एशियाको तीन साताव्यापी प्रशिक्षण सुरु

काठमाण्डु । मदन भण्डारी स्कुल अफ एशियाको आयोजनामा समाजवादी शिक्षण सिकाइसम्बन्धी प्रशिक्षण सञ्चालन गरिएको छ । विश्व कम्युनिष्ट पार्टीका विभिन्न देशका नेताहरूको सहभागिता रहेको उक्त प्रशिक्षण तीन सातासम्म सञ्चालन हुनेछ । प्रशिक्षणमा नेपाल, अर्जेन्टिना, ब्राजिल, स्पेन, घाना, थाइल्याण्ड, मलेशिया, श्रीलङ्का, पाकिस्तान, बङ्गलादेश, प्लालेस्टाइनलगायत मुलुकका ६० प्रतिनिधिको सहभागिता छ ।

नेकपा (एकीकृत समाजवादी) का सम्मानित नेता झलनाथ खनालले कार्यक्रमको उद्घाटन गर्दै गरिबी न्यूनीकरण, सामाजिक समस्या समाधान तथा आर्थिक विकासका लागि वैज्ञानिक चिन्तन कम्युनिष्ट विचारमा समावेश गरिएकाले कम्युनिष्ट आन्दोलनको रक्षा गर्नुपर्ने बताउँदै राष्ट्रिय अन्तर्राष्ट्रिय परिस्थितिबारे चर्चा गर्नुभयो ।

पार्टीका उपमहासचिव तथा प्रचार विभाग प्रमुख जगन्नाथ खतिवडाले कार्यक्रमले कम्युनिष्ट आन्दोलनको अवस्थासहित त्यससम्बन्धी ज्ञान आर्जन गर्न महत्वपूर्ण अवसर प्रदान गर्ने विश्वास व्यक्त गर्नुभयो ।

स्कुल अफ एशियाका अध्यक्ष बलराम बाँस्कोटाले उक्त कार्यक्रमअन्तर्गत अनिवार्य श्रम गर्ने, सांस्कृतिक रात्रि कार्यक्रम सञ्चालन गर्ने विभिन्न देशका संस्कृतिलाई प्रदर्शन गरिने, क्रान्ति, वर्ग सङ्घर्ष, कम्युनिष्ट घोषणापत्र, पूँजीवाद र साम्राज्यवादका विरुद्ध समाजवादको पक्षसँगका छलफलका साथै कम्युनिष्ट आचरणलाई जोगाउने कार्यसम्बन्धी प्रशिक्षण दिइने जानकारी दिनुभयो । रासस


**Madhesh Province Government**

**Ministry of Social Development**

**Province Public Health Laboratory**

**Janakpurdham, Dhanusha**

**Invitation for Electronic Bids**

**Procurement of Supply, Delivery and Installation of Equipments, Reagents, IT Infrastructures, Software, Furnitures for Establishment of Pathology Lab in Municipality**

**First Date of Publication: 17th Shrawan , 2079 (August 2, 2022)**

1. The Province Public Health Laboratory, Madhesh Pradesh invites electronic bids from eligible bidders for the procurement of Equipments, Reagents, IT Infrastructure and SoftwareFurniturte for establishment of Pathology Lab in Municipality Under National Cpmpetitive Bidding.
2. Interested Eligible Bidders may obtain further information and inspect the bidding documents at the office of the Province Public Health Laboratory, Madhesh Pradesh, Janakpurdham, Tel:041-590267, Email: pphl2janakpur@gmail.com or Website: www.pphl.p2.gov.np or may visit www.bolpatra.gov.np/egp
3. The Bid is in Package and Evaluation will be done in Package.
4. Interested bidders shall register in the e-GP system and deposit the cost of bidding document in the following bank.

**Name of Bank:** Rastriya Banijya Bank , Janakpurdham
**Name of Office:** Province Public Health Laboratory ,Madhesh Pradesh , Janakpurdham
**Office Code No:** 3500617012
**Office Account No:** 1000200010000
**Revenue Head No:** 14229
**Office Account No:** 1220100202030000
**Name Of Account:** Pradesh Lekha Niyantrak karyalaya,Madhesh Province , Janakpurdham

5. Interested Bidders shall submit the electronic Bids through www.bolpatra.gov.np/egp to the above office of Province Public Health Laboratory, Madhesh Province-,Janakpurdham, on or before 12:00 (noon) on 16th Bhadra 2079 (1st September 2022). Bids shall be opened in the presence of Bidders representatives who choose to attend on 2:00 pm on 16th Bhadra 2079 (1st September 2022) at office of Province Public Health Laboratory,Madhesh Province-,Janakpurdham.
6. Matters not covered by this notice shall be in accordance with Public Procurement Act-2063.Public Procurement Regulations-2064 and their amendment.
7. Pre- Bid Meeting Shall be Organized on 21st August 2022 at 12:00 Noon at PPHL2 Janakpurdham

| S. N. | Contract Identification No. | Description of Items | Cost of Bidding document (NRs) | Amount of Bid Security (NRs) | Bid Validity |
|---|---|---|---|---|---|
| 1 | PPHL2/G/NCB/ 01/2079-80 | Supply, Delivery and Installation of Equipments, Reagents for Establishment of Pathology Lab at Municipality | 10,000 | 56,15,000.00 | 120 days |
| 2. | PPHL2/G/NCB/ 02/2079-80 | Supply, Delivery and Installation of Equipments, IT Infrastructures, Software, Furnitures for Establishment of Pathology Lab at Municipality | 5,000 | 16,75,000.00 | |

**Director**

# श्रीलङ्कामा इन्धन कारोबारमा क्युआर कोड लागू




**एएनआई**

कोलम्बो । श्रीलङ्कामा इन्धन कारोबार गर्दा क्युआर कोडमार्फत गर्ने व्यवस्था लागू गरिएको छ । इन्धनको अभाव हुनु र इन्धन किन्न चाहने उपभोक्ता धेरै भएकाले भीड व्यवस्थापन गर्न गाह्रो भएर क्युआर कोड प्राणाली लागू गरिएको हो ।

क्युआर कोडमार्फत कारोबार गरेपछि इन्धनको समान तथा पारदर्शी वितरण हुने, लाइनमा भीड लगाउन नपर्ने लगायतका फाइदा हुने सरकारी अधिकारीहरुले जनाएका छन् । देशभरिका सबै पेट्रोल पम्पहरुमा यो व्यवस्था गरिएको र उपभोक्तालाई पनि यस बारेमा जानकारी गराइएको ऊर्जामन्त्री कञ्चना विजेसेकेराले बताउनुभयो ।

उहाँले इन्धन लिनका लागि पेट्रोल पम्पहरुमा भीडभाड नगर्न पनि उपभोक्तहरुलाई अनुरोध गर्नुभएको छ । सरकारले उपभोक्तको चापका आधारमा हरेक पेट्रोल पम्पलाई इन्धनको कोटा निर्धाण गरेर कोटा अनुसारको इन्धन उपलब्ध गराएको छ ।

# कोरोना सङ्क्रमणमा परेका अमेरिकी राष्ट्रपति बाइडेन स्वस्थ रहेको चिकित्सकको भनाइ


**सिन्ह्वा**

वासिङ्टन । छोटो समयपछि पुनः कोरोना भाइरसको सङ्क्रमण देखिएका अमेरिकी राष्ट्रपति जो बाइडेनलाई कुनै स्वास्थ्य समस्या नदेखिएको ह्वाइट हाउसका चिकित्सकले जनाएका छन् ।

अमेरिकी राष्ट्रपति बाइडेनलाई नौ दिनपछि लगत्तै दोस्रो पटक कोभिड सङ्क्रमण देखापरेको चिकित्सकले पुष्टि गरेका थिए । त्यसलगत्तै उहाँ आइसोलेशनमा बस्नुभएको छ ।

जुलाई २१ मा कोरोना भाइरस सङ्क्रमण भएका उहाँ आइसोलेशनबाट निस्किएलगत्तै पुनः आइतबार उहाँ सङ्क्रमणमा पर्नुभएको थियो ।

दिनमात्र अघि आइसोलेशनबाट निस्किनुभएका उहाँलाई शनिबार परीक्षण गर्दा पुनः कोरोना भाइरस पोजेटिभ देखिएको



ह्वाइट हाउसका चिकित्सक डा केभिन ओ कनरले जानकारी दिनुभएको हो ।

डा कनरका अनुसार राष्ट्रपति बाइडेनलाई पुनः आइसोलेशनमा बस्नुभएको छ । तर उहाँको स्वास्थ्य अवस्था राम्रो रहेको डा कनरले बताउनुभएको छ । उहाँले एक सूचनामा राष्ट्रपति बाइडेन पुनः आइसोलेशनमा बस्नुभएको छ र उहाँले जनस्वास्थ्यका मापदण्डहरु कडाइका साथ पालना गर्नुहुने भएको छ । उनान्असी वर्षीय राष्ट्रपति बाइडेनले आफूलाई कोरोना भाइरस पोजेटिभ देखिएको तर कुनै पनि लक्षण नदेखिएको बताउनुभएको छ ।

उहाँले ट्विट गर्दै आफू स्वास्थ रहेको तर अरूलाई कसैलाई असर नगरोस् भनेर आफू जनस्वास्थ्यका मापदण्डहरु अपनाएर आइसोलेशनमा बसेको बताउनुभएको छ ।

# भारतसँग हारेपछि प्रशिक्षक केसीले भने, 'दोष खेलाडीको होइन मेरो हो'

काठमाण्डु । यू-२० राष्ट्रिय च्याम्पियनसिप अन्तर्गतमा नेपाल भारतसँग पराजित भएसँगै प्रशिक्षक मेघराज केसीले गल्ती आफ्नै भएको बताएका छन्।

आइतबार भुवनेश्वरको कालिङ्गा रंगशालामा भएको खेलमा नेपाललाई घरेलु टिम भारतले ८-० गोलले पराजित गरेको थियो । केसीले सामाजिक सञ्जालमार्फत भनेका छन्,' टिमलाई समर्थन गर्नु भएकोमा सबैलाई धन्यवाद। खेलाडीहरुमा अनुभवको कमी छ तर ट्यालेन्ट पनि त्यत्तिकै छ,' 'सबैलाई खुशी दिन नसकेकोमा दुःखी छौं। खेलाडी र एन्फालाई दोष



नलगाउनुस्, यो मेरो गल्ती हो।'

उनले आफूहरुलाई 'रिकभर' हुन दुई दिन लाग्ने पनि उल्लेख गरेका छन्। आफू टिममै रहेर आफ्नो फाइदाको लागि फुटबल डुबाउन नसक्ने पनि उनले बताएका छन्।

सुरुको दुई खेलमा नेपालले जित निकालेको थियो। भारतसँग पराजित भएपछि फाइनल पुग्ने सम्भावना भने कठिन बनेको छ। रासस


# सलमान खानलाई बन्दुक राख्न अनुमति

**एएनआई**

मुम्बई । मुम्बई पुलिसले बलिउड अभिनेता सलमान खानलाई बन्दुक राख्न अनुमति पत्र (लाइसेन्स) जारी गरेको छ ।

सलमानले गुण्डागर्दी गर्नेहरुको ज्यान मार्ने धम्की उल्लेख गर्दै प्रतिरोधका लागि बन्दुक राख्न अनुमति पाउनका लागि आवेदन दिनुभएको सोमबार एक अधिकारीले बताए ।

लरेन्स बिश्नोई र गोल्डी ब्रार गिरोहबाट ज्यान मार्ने धम्की आएपछि प्रहरीले ती अभिनेताको सुरक्षा बढाएको थियो । सलमानले हालै मुम्बई पुलिस आयुक्त विवेक फंसालकर र संयुक्त प्रहरी आयुक्त विश्वास नाङ्गे पाटिलसँग भेटवार्ता



गर्नुभएको थियो ।

सलमानको आवेदनका आधारमा प्रहरीले उहाँलाई बन्दुकको लाइसेन्स जारी गरेको अधिकारीले बताए । सलमान र उहाँका पिता सलिम खानलाई मार्ने धम्की दिने गुमनाम पत्र पाएपछि जून महिनामा पहिलो सूचना रिपोर्ट (एफआईआर) दर्ता भएको थियो ।

मुम्बई प्रहरीको एक टोलीले यस मुद्दाको सम्बन्धमा दिल्लीमा बिश्नोईलाई केरकार गरेको ती अधिकारीले बताए ।

# म्यानमारमा सङ्कटकाल छ महिना थप

**सिन्ह्वा**

याङ्गुन । म्यानमारका अधिकारीहरुले यहाँको राष्ट्रिय सङ्कटकालीन अवस्थालाई थप छ महिना लम्ब्याएका छन् । म्यानमारको नेशनल डिफेन्स एन्ड सेक्युरिटी काउन्सिलले आइतबार सो निर्णय गरेको हो ।

सो काउन्सिलले म्यानमारमा हाल जारी रहेको सङ्कटकालीन अवस्था अरू छ महिना थपिएको जानकारी दिएको हो ।

सो काउन्सिलले यहाँ आम निर्वाचन गर्ने प्रयोजनका लागि समय आवश्यक रहेको भन्दै त्यसका लागि सङ्कटकालीन अवस्था अरू छ महिना थप्नुपरेको जनाएको छ । म्यानमारको संविधानअनुसार यहाँ सङ्कटकालीन अवस्था बढीमा दुई वर्षसम्म घोषणा गर्न मिल्दछ ।

यहाँका कार्यवाहक राष्ट्रपति यु मिन्त स्वेले गत वर्षको फेब्रुअरी १ मा एक वर्षका लागि सङ्कटकाल घोषणा गरेका थिए ।

त्यसपछि यही वर्षको जनवरी ३१ मा यहाँको नेसनल डिफेन्स एन्ड सेक्युरिटी काउन्सिलले सङ्कटकाल लम्ब्याएको थियो ।

म्यानमारमा प्रजातान्त्रिक सरकारलाई अपदस्थ गरेर सैनिकले सत्ता हत्याएको छ । यहाँको सैनिक सरकारले बहुदलीय प्रतिस्पर्धात्मक आम निर्वाचन गर्ने तयारी थालेको जनाएको छ ।

# इंग्ल्याण्ड महिला युरोकप च्याम्पियन

**एजेन्सी**

लण्डन । इंग्ल्याण्डले युईएफए महिला युरोकपको उपाधि जितेको छ । आइतबार राति भएको फाइनल खेलमा जर्मनीलाई अतिरिक्त समयमा




२-१ गोलले पराजित गर्दै घरेलु टोली इंग्ल्याण्डले पहिलोपटक युरोकपको उपाधि जितेको हो । वेम्बली रंगशालामा भएको फाइनल खेलमा इंग्ल्याण्डलाई जीत दिलाउन इलला टोने र चोले केलीले एकरएक गोल गरे । जर्मनीको लागि लिना मागुलले एक गोल फर्काइन्। निर्धारित ९० मिनेट १-१ गोलको बराबरीमा सकिएपछि अतिरिक्त समयमा धकेलिएको खेलको १ सय १० औं मिनेटमा केलीले गोल गर्दै इंग्ल्याण्डलाई पहिलोपटक युरोकपको उपाधि दिलाएकी हुन् ।

यसअघि ६२ औं मिनेटमा वाल्सको पासमा टोनेले गोल गर्दै इंग्ल्याण्डलाई शुरुवाती अग्रता दिलाएका थिइन् । ७९ औं मिनेटमा टाबेआको पासमा मागुलले गोल गर्दै जर्मनीलाई १-१ गोलको बराबरीमा ल्याएकी थिइन् ।

यसअघि तीनपटक फाइनल पुगेको इंग्ल्याण्डले उपविजेतामा चित्त बुझाएको थियो । आठपटकको च्याम्पियन जर्मनीको यस हारसँगै फाइनलमा अपराजित यात्रामा समाप्त भएको छ ।

# अफगानिस्तानलाई मानवीय सहायता

**सिन्ह्वा**

काबुल । अफगानिस्तानले चार करोड अमेरिकी डलर बराबरको मानवीय सहायता प्राप्त गरेको छ। प्राप्त गरेको सो रकम देशको एक वाणिज्य बैंकमा जम्मा गरिएको केन्द्रीय बैंकले सोमबार एक विज्ञप्तिमार्फत जनाइएको छ ।

अफगानिस्तानलाई विभिन्न देश तथा संस्थाबाट प्राप्त मानवीय सहायता शृङ्खलाको एक भागका रूपमा चार करोड अमेरिकी डलर नगद अफगान राजधानी काबुल आइपुगेको र अफगानिस्तान इन्टरनेशनल बैंकमा हस्तान्तरण गरिएको 'द अफगानिस्तान बैंक' (डिबिए) ले जानकारी दिएको छ ।

अफगानिस्तानले सहयोग उपलब्ध गराउँदै आएका अन्तर ाष्ट्रिय समुदायलाई धन्यवाद दिँदै डीबीएले नगद सहयोग पारदर्शी रूपमा खर्च गरिने बताएको छ ।

युद्धग्रस्त देशलाई सम्भावित आर्थिक सङ्कटबाट रोक्न तथा अत्यावश्यक खाद्यान्न लगायतको सहयोगका लागि विदेशी दाताहरुले सहयोग गर्दै आएको बताइएको छ ।

# भारतमा कोरोना सङ्क्रमण केही घट्यो

**सिन्ह्व**

नयाँदिल्ली । बितेका २४ घण्टामा देशका विभिन्न भागमा कोरोना सङ्क्रमतिको सङ्ख्या १६ हजार चार सय ६४ पुगेको केन्द्रीय स्वास्थ्य तथा परिवार कल्याण मन्त्रालयले सोमबार जनाएको छ ।

देशमा हाल कोरोना सङ्क्रमितको सङ्ख्या चार करोड ४० लाखमा ३६ हजार दुई सय ७५ पुगेको छ। देशभर एक लाख ४३ हजार छ सय ७६ सक्रिय सङ्क्रमित छन् ।

यसैगरी १९ हजार छ सय ७३ सङ्क्रमणमुक्त भएका छन् । योसँगै कोरोना सङ्क्रमणमुक्त भएकाको सङ्ख्या चार करोड ३३ लाख



६५ हजारभन्दा बढी पुगेको छ ।

कोरोना सङ्क्रमणबाट ३९ जनाको मृत्यु भएको छ । योसँगै कोरोनाबाट पाँच लाख २६ हजार तीन सय ९६ जनाको मृत्यु भएको छ । महामारी सुरु भएयता ८७ करोड ७५ लाखभन्दा बढीको परीक्षण गरिएको छ । सन् २०२१ को जनवरी १६ देखि देशभर कोभिड-१९ विरुद्ध खोप अभियान जारी छ । अभियानअन्तर्गत हालसम्म दुई अर्ब मात्राभन्दा बढी खोप लगाइएको छ ।

# नेयमार र मेस्सी चम्किदा पीएसजीलाई सुपरकपको उपाधि

एजेन्सी । स्टार फरवार्डद्वय लियोनल मेस्सी र नेयमार जुनियर चम्किदा पेरिस सेन्ट जर्मन (पीएसजी)ले फ्रेन्च सुपर कपको उपाधि जितेको छ। गएराति भएको फाइनल खेलमा नान्टेसलाई ४-० गोलले पराजित गर्दै पीएसजीले सुपरकपको उपाधि जितेको हो ।

ब्लोमफिल्ड स्टेडियममा भएको खेलमा पीएसजीलाई जीत दिलाउन नेयमारले दुई गोल गर्दा मेस्सी र सेर्जियो रामोसले एकरएक गोल थपे । खेलको २२ औं मिनेटमा मेस्सीले गोल गर्दै पीएसजीलाई शुरुवाती अग्रता दिलाएका थिए । पहिलो हाफको इन्जुरी समयमा नेयमारले फ्रि किकमा गोल गर्दै पीएसजीको




अग्रता दोब्बर बनाए ।

५७ औं ,मिनेटमा रामोसले ब्याकहिल गोल गर्दा पीएसजीले ३-० गोलको अग्रता लिएको थियो । ८१ औं मिनेटमा चार्लेस कास्टेल्लोटो रातो कार्ड पाउँदै मैदान बाहिरिएपछि नान्टेस १० खेलाडीमा समेटिएको थियो । लगत्तै नेयमारले पेनाल्टीमा व्यक्तिगत दोस्रो गोल गर्दै पीएसजीलाई ४-० गोलको जीत दिलाए । जीतसँगै पीएसजीले सिजनको पहिलो उपाधि जितेको छ।

# चार दिने भारत भ्रमणका लागि माल्दिभ्सका राष्ट्रपति नयाँ दिल्लीमा

**एएनआई**

नयाँ दिल्ली । माल्दिभ्सका राष्ट्रपति इब्राहिम मोहमद सोलिह सोमबार भारतका प्रधानमन्त्री नरेन्द्र मोदीको निमन्त्रणामा चार दिने भारत भ्रमणका लागि नयाँ दिल्ली आउनुभएको छ ।

नयाँ दिल्लीमा रहँदा उहाँले राष्ट्रपति सोलिहले नवनिर्वाचित भारतीय राष्ट्रपति द्रोपदी मुर्मु, प्रधानमन्त्री नरेन्द्र मोदीसहित उच्च पदस्थ अधिकारीसँग भेटवार्ता गर्नुहुने बताइएको छ ।

उहाँले भारतीय प्रधानमन्त्री मोदीसँगको वार्तामा दुई देशबीच व्यापार साझेदारी, सुरक्षा तथा कोभिडपछिको अर्थतन्त्र सुधारका बिषयमा समीक्षा गर्ने बताइएको छ । माल्दिभ्सका उच्चस्तरीय पदाधिकारी तथा व्यापारिक क्षेत्रका प्रतिनिधिमण्डलसहितको टोलीले सोलिहलाई भ्रमणमा साथ दिनेछन् ।

'नजिकको साथी र सामुद्रिक छिमेकीलाई हार्दिक स्वागत छ! माल्दिभ्सका राष्ट्रपति इब्राहिम मोहमद सोलिह आधिकारीक भ्रमणका लागि नयाँ दिल्ली आइपुग्नुभएको छ । भ्रमणलाई हाम्रा दुई देशबीचको अटल मित्रतालाई थप प्रगाढ बनाउन र बहुआयामिक साझेदारीलाई थप गति दिने



अवसरका रूपमा लिइएको छ,' भारतीय विदेश मन्त्रालयद्वारा जारी ट्वीटर सन्देशमा भनिएको छ ।

नयाँ दिल्लीमा औपचारिक भेटवार्ताका अलावा राष्ट्रपति सोलिहले दिल्लीमा एक भारतीय व्यापारिक प्रतिनिधिमण्डलसँग छलफल गर्नुहुनेछ । राष्ट्रपति सोलिह मुम्बई तथा महाराष्ट्रका अन्य प्रमुख स्थान र सहरको भ्रमण गर्नुका साथै कार्यक्रमहरूमा सहभागी हुनुहुनेछ । माल्दिभ्स हिन्द महासागर क्षेत्रमा भारतको प्रमुख छिमेकी हो र यसले भारतको छिमेकी पहिलो नीतिमा विशेष स्थान दिएको छ । हालैका वर्षहरूमा यस साझेदारीमा सहयोगका सबै क्षेत्रमा तीव्र वृद्धि भएको छ।

राष्ट्रपति सोलिहले गत मार्चमा दुई वर्षमा भारतले माल्दिभ्सलाई कोभिड-१९ महामारीको सामना गर्न खोप, औषधिलगायतका अतिआवश्यक वस्तुका लागि गरेको सहयोगको लागि प्रसंशा गर्नुभएको थियो ।

# रूसी आक्रमणमा परी यूक्रेनी व्यापारीको मृत्यु

**एएफपी**

कीभ । यूक्रेनका धनाढ्य मध्येका एक अन्न निर्यात गर्ने व्यापारीको रूसद्वारा गरिएको एक भीषण आक्रमणमा परी निधन भएको छ ।

सोमबार बिहान यूक्रेनबाट युद्ध सुरूभएपछि पहिलोपटक ठूलो मात्रामा मकै निर्यातका लागि तयारी भइरहेका समय त्यही क्षेत्रका व्यापारीमाथि आक्रमण भएको हो । मिकोलाइभ लक्षित रूसको आक्रमणका बाबजुद पनि यहाँबाट एउटा जहाजले ठूलो मात्रामा मकै लिएर ब्लाक सी हुँदै टर्की लेवनानतर्फ प्रस्थान गरेको छ ।

आइतबार राति दक्षिणी सहर मिकोलाइभस्थित उनीहरूको घरमा राति क्षेप्यास्त्र प्रहार हुँदा ७४ वर्षीय ओलेक्सी भाडातुर्सकी र उहाँकी श्रीमती राइसा मारिएको अधिकारीहरूले बताएका हुन् । अन्न निर्यात सम्बन्धी कम्पनी निबुलोनका मालिक भाडातुर्सकीले 'हिरो अफ यूक्रेन' को उपाधि समेत पाउनुभएको थियो । भाडातुर्सकीले व्यापार र कृषिमा ठूलो योगदान रहेको स्थानीय नेता तथा सवैसाधारणले बताएका छन् ।

युक्रेनी राष्ट्रपति भोलोदिमिर जेलेन्सकीले भाडातुर्सकीको निधनबाट राष्ट्रलाई ठूलो क्षति भएको बताउनुभएको छ । मिकोलाइभका मेयर ओलेक्सन्दर सेन्केभिचले उक्त सहरमा अहिलेसम्मकै सबैभन्दा धेरै बमबारी भएको बताउनुभएको छ ।


मिकोलाइभ ओडेसाको मुख्य बाटोमा अवस्थित छ । ब्ल्याक सीमा यूक्रेनको सबैभन्दा ठूलो बन्दरगाह रहेको ओडेसामा गत फेब्रुअरीमा रूसले आक्रमण सुरु गरेयता बारम्बार बमबारी हुँदैआएको थियो ।

# पूर्व प्रधानमन्त्री इमरान खानको इन्स्टाग्राम ह्याक

**एएनआई**

इस्लामाबाद । पाकिस्तानका पूर्व प्रधानमन्त्री तथा पाकिस्तान तहरीक-ए-इन्साफ (पीटीआई) का अध्यक्ष इमरान खानको आधिकारिक इन्स्टाग्राम खाता सोमबार ह्याक भएको बताइएको छ ।

ह्याकरले आफ्नो इन्स्टाग्राम अकाउन्टबाट क्रिप्टोकरेन्सीको बारेमा प्रमोशनल ट्वीट शेयर गरेको पाइएको छ । टेस्लाका सीईओ एलोन मस्कको नक्कली क्रिप्टो खाताको लिङ्क पनि उनको ह्यान्डलमा संलग्न गरिएको थियो ।



इमरान खानका हाल ७४ लाखभन्दा बढी फलोअर्स छन् ।

पाकिस्तानी पूर्व प्रधानमन्त्रीले भने अहिलेसम्म यस बारे कुनै आधिकारिक प्रतिक्रिया दिनु भएको छैन । उहाँका पार्टीका सदस्य र अनुयायीहरूले कुनै पनि अनैतिक पोस्टमा अन्तरक्रिया नगर्न सल्लाह दिइरहेका छन्।

गत डिसेम्बरमा सर्बियामापाकिस्तानी दूतावासको ट्विटर ह्यान्डलले सरकारी अधिकारीहरूलाई तलब नतिरेकोमा सन्देश पोस्ट गरेको थियो जसले पीटीआई सरकार र इमरान खानलाई ठूलो अप्ठ्यारोमा पारेको थियो । पछि सरकारी अधिकारीहरूले भने सो खाता ह्याक भएको दाबी गरेका थिए।

# स्वदेशमा नै श्रम गर्न जनचेतना जगाउनुपर्ने : मन्त्री कुँवर



काठमाण्डु । श्रम, रोजगार तथा सामाजिक सुरक्षामन्त्री शेरबहादुर कुँवरले स्वेदशमा नै रोजगारीको वातावरण बनाउनुपर्ने बताउनुभएको छ। प्रतिनिधिसभाको उद्योग तथा वाणिज्य र श्रम तथा उपभोक्ता हित समितिले सोमबार वैदेशिक रोजगार र श्रमसम्बन्धी रहेका समस्याका सम्बन्धमा गरेको बैठकमा उहाँले स्वदेशमा नै श्रमिकलाई श्रम गर्न जनचेतना जगाउनुपर्ने बताउनुभयो।

नेपालमा नै बाहिर मुलुक भारतबाट आएर श्रम गरिरहेको भन्दै उहाँले नेपालकै श्रमिक रोजगारका लागि विदेशमा गएर काम गर्नुपरेको उल्लेख गर्नुभयो। "नेपालमा नै श्रम बजार छ भनेर यहाँका श्रमिकलाई जनचेतना जगाउन आवश्यक छ", उहाँले भन्नुभयो, "नेपालमा नै विदेशमा गरे जतिकै श्रम पाइन्छ भन्ने कुराको जनचेतना गराउनु पर्दछ।"

उहाँले भारतलगायत देशबाट आएका कामदारले नेपालका विभिन्न उद्योग, कलकारखानामा काम गरिरहेको बताउनुभयो। उहाँले दक्षसीप भएका जनशक्तिलाईमात्र वैदेशिक रोजगारमा पठाउनुपर्ने बताउनुभयो। समितिका सभापति विमलश्री वास्तवले यहाँका श्रमिकलाई विदेश नपठाइ स्वदेशमा नै रोजगारी सिर्जना गर्नुपर्ने धारणा राख्नुभयो। "हामीले रोजगारका लागि बाहिर मुलुकमा श्रमिक पठाउने गर्दछौँ, तर हाम्रै मुलुकमा भारतबाट आएका श्रमिकले काम गरेर राम्रै आर्थिक उपार्जन गरिरहेका छन्", उहाँले भन्नुभयो, "मुलुकमा नै आन्तरिक श्रमिक व्यवस्थापन गर्नुपर्दछ।"

उहाँले आफूले एक स्टिल उद्योगमा अनुगमनका क्रममा जाँदा एक हजार दुई सय श्रमिकमध्ये आठ सय भारतीय श्रमिक पाएको जनाउँदै नेपालमा रहेका श्रमिकलाई विदेशमा पठाउनुभन्दा स्वदेशकै उद्योग, कलकारखानाका काममा लगाउनुपर्ने बताउनुभयो।

श्रम मन्त्रालयका सचिव एकनारायण अर्यालले स्वदेशमा नै श्रमबजारको व्यवस्थापन गरिरहेको बताउनुभयो। उहाँले आन्तरिक रोजगार गर्नका लागि आन्तरिक रोजगार प्रवर्द्धन गर्न मन्त्रालयले काम गरिरहेको बताउनुभयो। अहिले प्रधानमन्त्री स्वरोजगार कार्यक्रममार्फत एक लाख ४५ हजार एक सय १३ जनालाई स्वरोजगार बनाइएको उहाँको भनाइ थियो।

श्रम तथा व्यवसायजन्य सुरक्षा विभागका महानिर्देशक उमाकान्त आचार्यले स्वदेशमा श्रमिकले राम्रोसँग काम नगर्ने भएकाले बाहिरबाट श्रमिक ल्याउनुपरेको उद्योगी व्यवसायीले बताएको जानकारी दिनुभयो। उहाँका अनुसार उद्योगीहरूले स्थानीय श्रमिकले राम्रोसँग काम नगरेका गुनासो गरेका छन्।

वैदेशिक रोजगार विभागका महानिर्देशक शेषनारायण पौडेलले कोरोना भाइरसको समयमा वैदेशिक रोजगारमा जानेको सङ्ख्या घटे पनि अहिले फेरि बढेको बताउनुभयो। उहाँका अनुसार आर्थिक वर्ष २०७३/७४ मा छ लाख ४२ हजार वैदेशिक रोजगारमा गएका थिए भने आर्थिक वर्ष २०७७/७८ मा एक लाख ६६ हजारमा झरेको थियो। यस्तै आव २०७८/७९ मा त्यो सङ्ख्या बढेर छ लाख २१ हजारमा पुगेको छ। रासस

# चितवनमा विकास बजेटको झन्डै आधा रकम खर्च भएन

भरतपुर ।चितवनमा विकास निर्माणका लागि विनियोजन भएको बजेटको ५३ प्रतिशतमात्रै खर्च भएको छ। कोष तथा लेखा नियन्त्रक कार्यालय चितवनको वार्षिक प्रतिवेदनअनुसार सङ्घ र प्रदेशको पूँजीगत बजेटमा झण्डै आधा रकम खर्च हुन नसकेको हो।




आर्थिक वर्ष २०७८/७९ मा जिल्लामा भौतिक पूर्वाधार तथा विकास निर्माणका लागि रु १३ अर्ब ३९ करोड ६२ लाख १५ हजार बजेट विनियोजन भएकामा रु सात अर्ब १३ करोड २८ लाख ६८ हजार मात्र खर्च भएको कार्यालयले जनाएको छ। जिल्लाको विकास बजेटमध्ये रु छ अर्ब २७ करोड ३३ लाख ४७ हजार खर्च नभएर रकम फ्रिज भएको कार्यालयका प्रमुख कोष नियन्त्रक मणिभद्र न्यौपानेले जानकारी दिनुभयो। उहाँका अनुसार चालु खर्च भने ९४ प्रतिशत भएको छ। चालु बजेटअन्तर्गत विनियोजन भएको रकम कार्यालय खर्च र तलब भत्ताका लागि खर्च हुन्छ। जिल्लामा विकास निर्माणमा भन्दा तलब भत्तामा नै बढी खर्च हुने गरेको छ। गत आर्थिक वर्षमा चालु बजेट रु १४ अर्ब १५ करोड ४० लाख ३६ हजार विनियोजन भएको थियो। त्यसमध्ये रु १३ अर्ब २९ करोड ६० लाख ७८ हजार खर्च भएको छ।

जिल्लामा सङ्घअन्तर्गतका ६२, प्रदेशका २१ र स्थानीय तहका सातवटा कार्यालय छन्। यी कार्यालयको पूँजीगत र चालु गरी रु २७ अर्ब ५५ करोड दुई लाख ५१ हजार बजेट रहेको थियो। त्यसमध्ये रु २० अर्ब ४२ करोड ८९ लाख ५४ हजार मात्र खर्च भएको कार्यालयका प्रमुख कोष नियन्त्रक न्यौपानेले जानकारी दिनुभयो। प्रतिशतका आधारमा ७४ दशमलव १५ प्रतिशत खर्च भएको देखिन्छ।

सङ्घतर्फको पूँजीगत बजेट ४९ दशमलव ७५ प्रतिशत खर्च भएको छ। यो खर्च अघिल्लो आर्थिक वर्ष २०७७/७८ मा ३० प्रतिशतले प्रगति कम हो। आर्थिक वर्ष २०७७/७८ मा पूँजीगत शीर्षकमा ७९ दशमलव १७ प्रतिशत प्रगति भएको थियो।

सङ्घबाट जिल्लामा रु १० अर्ब नौ करोड ४० लाख ७३ हजार बराबरका विकास निर्माणका योजना आएका थिए। तर पाँच अर्ब २३ करोड ३६ लाख मात्र खर्च भएको छ। चितवनमा सङ्घीय सरकारबाट आउने बजेट बढी भए पनि विकास निर्माणका कामहरू द्रुत गतिमा भएका छैनन्।

चितवनमा सङ्घीय सरकारबाट चालु र पूँजीगत गरी रु २२ अर्ब ७० करोड ७४ लाख ६४ हजार बजेट आएको थियो। त्यसमध्ये रु १७ अर्ब ११ करोड २१ लाख ८३ हजार खर्च भएको छ। खर्चमध्ये पनि तलब भत्ताका लागि (चालुगत बजेट) रु १२ अर्ब आठ करोड ८८ लाख १५ हजार खर्च भएको छ।

समयमा अख्तियारी आएर पनि काम सम्पन्न हुन नसक्नुमा नीतिगत कारणहरू पनि भएको हुनसक्ने प्रमुख लेखा नियन्त्रक न्यौपानेले बताउनुभयो। 'ठेक्कापट्टा, कन्स्ट्रक्शन होलिडे, कोरोना भाइरस, संरचनागत कार्यालयले समयमा स्वीकृति नदिनु, निर्माण व्यवासयीकै कारणले पूँजीगत बजेटको खर्च सन्तोषजनक देखिएन", उहाँले भन्नुभयो, "विगतका वर्षमा भन्दा विकास बजेट घट्दै गएको छ।"

# चार दिनदेखि हवाई सेवा अवरुद्ध

सिमकोट। हुम्लाको हवाई सेवा चार दिनदेखि मौसम खराब हुँदा अवरुद्ध भएको छ। बाक्लो बादल लाग्नुका साथै निरन्तर पानी परिरहेका कारण हवाई उडान हुन नसकेको हो।

जिल्ला बाहिर नेपालगञ्ज र सुर्खेतबाट उडान हुन नसकेको सिमकोट विमानस्थलले जानकारी दिएको छ उडान नहुँदा नेपालगञ्ज, सुर्खेतबाट दैनिक उपभोग्यवस्तु आयात हुन सकिरहेको छैन्।

हवाई सेवा अवरुद्ध हुँदा जिल्ला बाहिर सुर्खेत, नेपालगञ्ज र बर्दिया लगायतका जिल्लामा लाइसेन्सको लागि परीक्षा दिन जाने परीक्षार्थी बढी मारमा रहेको सिमकोट गाउँपालिका- ७ का वीरबहादुर सिंहले बताउनुभयो।

सिमकोटमा तेल, चिनी, बेसार, मसाला लगायतसामग्रीको अभाव देखिन थालेको पसल व्यवसायीले बताउने गरेका छन्। तारा, समिट, नेपाल एयरलाइन्सले चार दिनदेखि उडान भरेका छैनन् भने सीता एयरले दुईदिनदेखि उडान नभरेको विमानस्थल स्रोतले जानकारी दिएको छ। रासस

# विपद् व्यवस्थापन सहयोग सामग्री हस्तान्तरण

बनेपा । काभ्रेपलाञ्चोकको कोसीपारिस्थितभुम्लुगाउँपालिकालाई विपद्मा पर्ने नागरिकलाई सहयोग पुऱ्याउने उद्देश्यले विपद् व्यवस्थापन सहयोग सामग्री उपलब्ध गराइएको छ। नेपाली कांग्रेस भुम्लु गाउँपालिका इकाई समिति, नेपाल विद्यार्थी सङ्घ काभ्रेपलाञ्चोक र तरुण दल काभ्रेपलाञ्चोकले गाउँपालिकालाई संयुक्त रुपमा जस्तापाता र त्रिपाल उपलब्ध गराएको हो।

अविरल वर्षाका कारण भुम्लु गाउँपालिकाको विभिन्न स्थानमा पहिरोका कारण बस्ती जोखिममा परेर नागरिकलाई समस्या भएपछि गाउँपालिकामार्फत नागरिकलाई सहयोग गर्न सो सामग्री उपलब्ध गराएको हो। "अविरल वर्षासँगै गाउँपालिकाको विभिन्न ठाउँमा बाढी र पहिरोले क्षति पुगेपछि नागरिकको सहयोगको लागि हामीले संयुक्त रुपमा जस्तापाता र त्रिपाल उपलब्ध गराएका हौँ", नेपाल विद्यार्थी सङ्घका नेता अञ्जनराज खतिवडाले भन्नुभयो, "यस सामग्रीले पीडित नागरिकलाई थोरै भए पनि राहत मिल्नेछ।"

भुम्लु गाउँपालिका अध्यक्ष प्रेमबहादुर भुजेलले विपद्बाट समस्यामा परेका नागरिकलाई सहयोगको लागि उपलब्ध गराइएको सामग्रीले पालिकालाई समेत ठूलो हौसला मिलेको बताउनुभयो। गाउँपालिकालाई उपलब्ध गराएको सामग्रीमा १५ बण्डल जस्तापाता र ८ थान त्रिपाल रहेको छ।

भुम्लु गाउँपालिकाको सापिङ, चौवास, सिमथली र खेबसिम्ले लगायतको ठाउँमा अविरल वर्षाका कारण पहिरो गएपछि करिब २४ घर परिवारलाई स्थान्तरण नै गर्नुपर्ने अवस्था रहेको गाउँपालिकाले जनाएको छ। रासस

# शाओमीको रेड्मी १० ए नेपालमा



**टुडे समाचारदाता**

काठमाण्डू । ग्लोबल टेक्नोलोजी लिडर शाओमीले रेड्मी १०ए नेपाली बजारमा सार्वजनिक गरेको छ। किफायती मूल्यमा रेड्मी १० सिरिजको पछिल्लो नवीनतम उपकरण रेड्मी १०ए प्रयोगकर्ताहरूको उत्पादकता बढाउन समर्पित छ।

लन्चको बारेमा बोल्दै शाओमी नेपालका कन्ट्री जेनेरल म्यानेजर अमित कुमार पंडाले टेक्नोलोजीको सन्दर्भमा शाओमीले आफ्नो सिमा फराकिलो पार्दै स्मार्टफोनहरूको विस्तृत दायराको साथ औधोगिक बेन्चमार्कहरू पार गरेको बताए।

ग्राहकको रेडमी प्रतिको विश्वासले हामीलाई नवीनताको सन्दर्भमा उच्च मापदण्डहरू स्थापित गरि रेडमी सिरिजलाई देशमा सबैभन्दा बढी बिक्री हुने स्मार्टफोन सिरिज बनाएको उनको भनाइ छ। 'क्यामेरा, उच्च रिजोल्युसन डिस्प्ले, उच्च कार्य सम्पादन र पावर-प्याक ब्याट्रीको सुधारको साथ हामीले रेड्मी १०ए बजारमा ल्याएका छौँ,'उनले भने।

तीन रंगमा सार्वजनिक भएको उक्त मोवाइलको ब्याट्री पूरा दिन सक्रिय रहने जनाएको छ। जसको मूल्य क्रमशः रु. १३,९९९ र रु. १५,९९९ रहेको छ। रेड्मी १०ए १३ श्रावन २०७९ देखि देशभरका सबै अधिकृत स्टोरहरूमा उपलब्ध छ।

# नियमअनुसार नचल्दा सहकारी समस्याग्रस्त

काठमाण्डु । समस्याग्रस्त सहकारी व्यवस्थापन समितिले विद्यमान कानुनअनुसार सहकारी सञ्चालन नहुँदा समस्याग्रस्त हुने गरेको जनाएको छ। समस्याग्रस्त सहकारी व्यवस्थापन समितिले सोमबार भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्री शशी श्रेष्ठलाई बुझाएको आर्थिक वर्ष २०७८/७९ को वार्षिक प्रतिवेदनमा सहकारीलाई समस्याग्रस्त हुनबाट जोगाउन सहकारी ऐन/नियमको प्रभावकारी कार्यान्वयनका साथै सहकारी संस्थामा सुशासन प्रवर्द्धन आवश्यक रहेको उल्लेख छ।

समान प्रकृतिका कार्य गर्ने सहकारी संस्थाबीच एकीकरण (मर्जर) गर्ने प्रक्रियालाई प्रोत्साहन गर्ने, सहकारीलाई विपन्न वर्गसम्म पुग्ने रणनीतिका साथ सञ्चालन गर्ने, सुशासनको पूर्ण प्रत्याभूति हुने गरी सञ्चालन गर्ने जस्ता आधारभूत सिद्धान्तको पालना गर्न सकेमा सहकारी क्षेत्रप्रतिको जनताको विश्वास अभिवृद्धि गर्न सघाउ पुग्ने प्रतिवेदनमा औँल्याइएको छ।

समितिकोप्रतिवेदन बुझ्दैमन्त्री श्रेष्ठले सहकारीलाई जिम्मेवार बनाउन सबै पक्ष लाग्नुपर्नेमा जोड दिनुभयो। सहकारी आफ्नो मूल्यमान्यता र सिद्धान्तअनुसार चल्नुपर्ने जनाउँदै उहाँले अर्थतन्त्रको आधारस्तम्भका रुपमा रहेका सहकारी समस्याग्रस्त बन्ने अवस्था आउन नदिने गरी काम गर्न सम्बद्ध पक्षलाई आग्रह गर्नुभयो।

प्रतिवेदन बुझाउँदै समितिका अध्यक्ष काशीराज दाहालले सहकारी संस्थामा विकृति र विसङ्गतिको रोकथाम र नियन्त्रणको लागि सहकारी दर्ता प्रक्रियामा नै विशेष ध्यान दिनुपर्ने बताउनुभयो। रासस

# लाइफ इनस्यौरेन्सको सम्मेलन सम्पन्न




**टुडे समाचारदाता**

जनकपुरधाम। नेपाल लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेडले तीन दिवसीय बिजनेस एक्सिलेन्स कन्फ्रेन्स चितवनको सौराहामा सम्पन्न गरेको छ। साउन १३ गतेदेखि १५ गतेसम्म 'अ बाउन्स ब्याक इयर ७९/८०' नाराका साथ सम्मेलन आयोजना गरिएको थियो। सम्मेलनमा देशभरिबाट सेल्स तथा मार्केटिङमा कार्यरत २३० भन्दा बढी कर्मचारीको सहभागिता थियो।

सञ्चालक विमलप्रसाद ढकालले पानसमा दीप प्रज्ज्वलन गरी सम्मेलनको उद्घाटन गर्दै कर्मचारीहरुले आमनागरिकको आशा र विश्वास जितेर काम गर्न सुझाव दिए।

कम्पनीका अध्यक्ष गोविन्दलाल संघईले कार्यक्रमलाई भर्चुअल माध्यमबाट सम्बोधन गर्दै कर्मचारीलाई गत आर्थिक वर्षको कार्यसम्पादनका लागि धन्यवाद र चालु आर्थिक वर्षको व्यापार लक्ष्य पूरा गर्न सुरुबाटै दत्तचित्त भई कार्य गर्न आह्वान गरे। सम्मेलनमा प्रमुख कार्यकारी अधिकृत प्रवीणरमण पराजुलीले गएको आर्थिक वर्षको व्यापार समीक्षा गर्दै चालु आर्थिक वर्षमा सेल्स रणनीतिका बारेमा सम्मलेनमा जानकारी गराए।

हाल कार्यरत जोन प्रमुख, क्षेत्रीय प्रमुखलगायत प्रधान कार्यालयका विभागीय प्रमुखहरुले सम्मेलनमा आ-आफ्नो प्रतिवेदनहरु प्रस्तुत गरेका थिए। सम्मेलनमा मोटिभेसनल स्पिकरद्वारा क्षमता अभिवृद्धि एवं सेल्स कौशलताका सम्बन्धमा प्रशिक्षणसमेत गराइएको थियो।

सम्मेलनको अन्त्यमा कम्पनीका प्रमुख कार्यकारी अधिकृत प्रवीणरमण पराजुली, नेशनल सेल्स हेड उमापति पोखरेललगायत उच्च व्यवस्थापकहरुबाट सबै सहभागीहरुलाई प्रमाणपत्रका साथै गत आर्थिक वर्षमा उत्कृष्ट व्यवसाय गर्ने कर्मचारीहरु र शाखा एवं उपशाखालाई विभिन्न २१ विधामा सम्मान तथा अवार्ड प्रदान गरिएको थियो।

# टिभिएसको राइड सम्पन्न




**टुडे समाचारदाता**

जनकपुरधाम । विराटनगरमा टिभिएसकोअपाचेओनर्सग्रुप(एओजी) राइड सम्पन्न भएको छ।

टिभिएसले आफ्नो ग्राहकको लागि एओजी नामक अपाचे धनी र रोमाञ्चक राइडमा सहभागी हुने इच्छुक उत्साहीहरूको समूह बनाएको छ। सो राइड विराटनगर महेन्द्र चोकबाट सुरू भएर नेताचोक-विराटचोकदेखि इटहरी-इनरूवा हुँदै कोशी टप्पुस्थित अकवा बर्ड ईको रिसोर्टसम्म ३५ सहभागीहरूलाई टिभिएसले पुऱ्याएको थियो।

विभिन्न पेशाका सहभागीहरूले भाग लिएको एओजीमा सहभागीको लागि २०० भन्दा धेरै आवेदन फारम भरेपछि चयन प्रक्रियामा ३५ जना चयन भएका थिए। विराटनगरमा भएको यो संस्करणका लागि दर्ता गरेका बाँकी राइडरहरूलाई टिभिएसले विराटनगरकै भविष्यमा हुने अरू संस्करणहरूमा उपस्थित गराउने जनाएको छ। टिभिएसले आफ्नो ग्राहकका लागि विभिन्न कार्यक्रम र एड्भेन्चर राइड सञ्चालन गरिरहेको बताएको छ।

टिभिएसले विराटनगरसँगै अरु ठाउँमा पनि एओजी राइडका लागि दर्ता प्रक्रिया खुला गरिसकेको छ। नेपालको विभिन्न ठाउँहरूमा पनि एओजी राइड सञ्चालन गरी सकेको बताएको छ। यो राइड अनुभवी मार्सलहरूको निगरानीमा भएको थियो। जसमा राइडरहरूलाई रोड सेफ्टीजस्ता विभिन्न प्रशिक्षण दिएको थियो।

यो राइडरमा सहभागीहरूका लागि टिभिएसले विभिन्न रोमान्चक खेलको आयोजना पनि थियो र बिजेताहरूलाई पुरस्कार तथा सबै सहभागीहरूलाई उपहार र प्रमाण पत्र वितरण गरेको थियो। यसका साथै राइडरहरूले रिसोर्टको नजिकै हात्तीलाई खुवाउने मौका समेत पाएका कम्पनीले बताएको छ।


## जनकनन्दनी गाउँपालिका
### गाउँ कार्यपालिकाको कार्यालय
खजुरी, धनुषा

मधेश प्रदेश, नेपाल

## मौजुदा सूची दर्ता गराउने सम्बन्धी सूचना

**प्रथम पटक प्रकाशित मिति : २०७९।४।१७**

यस गाउँपालिका कार्यालयको लागि आ.व. ०७९।८० मा आवश्यक पर्ने समान तथा खरिद गर्न सार्वजनिक खरिद ऐनको दफा ६ (क) तथा सार्वजनिक खरिद नियमावली २०६४ को नियम १८ मा भएको कानूनी व्यवस्था बमोजिम तपसिलको कार्य गर्न इच्छुक व्यक्ति, फर्म, संस्था वा कम्पनीले आ.व. २०७७/०७८ को व्यवसायिक नविकरण भएको प्रमाण पत्र कर चुक्ता प्रमाण पत्र सहित स्थायी लेखा नम्बर र मुल्य अभिवृद्धि करमा दर्ता भएको प्रमाणपत्रको प्रतिलिपी सहित सार्वजनिक खरिद नियमावली २०६४ को अनुसुची २ (क) बमोजिमको ढाँचामा निवेदन दिनु हुन र आ.व. २०७८/०७९ मा यस कार्यालयमा सुचीकृत दर्ता गरेको तथा आ.व. २०७८/०७९ को व्यवसाय नविकरण भएको प्रमाण पत्र कर चुक्ता प्रमाण पत्र सहित स्याथी लेखा नम्बर र मुल्य अभिवृद्धि करमा दर्ता भएको प्रमाणपत्रको प्रतिलिपी संलग्न गरी यो सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र नियमानुसार निवेदन दिनु हुन जानकारी गराईन्छ।

**तपसिल**

१. मसलन्द छपाई तथा कार्यालय सामान आपूर्ति
२. फर्निचर तथा फर्निशिंग सामान आपूर्ति तथा मर्मत सम्बन्धी कार्य
३. मेशिनरी औजार (कम्प्युटर, प्रिन्टर फोटोकोपी मेशिन आदी) तथा इलेक्ट्रिकल सामान आपूर्ति तथा मर्मत,
४. भवन मर्मत सम्भार निर्माण सम्बन्धी सेवा
५. कुरियर सेवा
६. प्रशासनिक विषय संग सम्बन्धी अध्ययन अनुसन्धान तथा विभिन्न विषय संग सम्बन्धि सफटवेयर निर्माण मर्मत तथा आपुर्ति र सुचना प्रविधि संग सम्बन्धी विभिन्न परामर्श सेवा
७. फलफुल विरुवा सप्लाई तथा बगैंचा व्यवस्थापन सम्बन्धी कार्य
८. स्वास्थ्य, पशु, कृषिजन्य औषधी तथा सर्जिकल उपकरणाहरु
९. खाजा, खाना, चिया, पानी आदि
१०. विज्ञापन प्रकासन सम्बन्धी
११. विभिन्न प्राविधिक विषयको सेवा आपूर्ति, सबै डिजाइन आदि
१२. इन्टरनेट सेवा
१३. पत्रपत्रिका आपूर्ति गर्ने काम
१४. इन्धन आपूर्ति गर्ने काम

**प्रमुख प्रशासकीय अधिकृत**

# गौरलाई उपमहानगरपालिका बनाउन सकिने : अध्यक्ष नेपाल

**टुडे समाचारदाता**

बारा । नेकपा एकीकृत समाजवादीका केन्द्रीय अध्यक्ष एवं पूर्व प्रधानमन्त्री माधव कुमार नेपालले भविष्यमा गौर नगरपालिकालाई उपमहानगरपालिकामा स्तरोन्नति गर्न सकिने बताएका छन् ।

सोमबार रौतहट जिल्लाको राजदेवी नगरपालिका वड़ा नम्बर ७ मूडवालबामा शहरी विकास मन्त्रालयबाट निर्माण हुने वड़ा नम्बर १ देखि ९ सम्मको सड़क निर्माण कार्यको शिलान्यास गर्दै सो कुरा बताएका हुन् । सघन सहरी तथा भवन निर्माण आयोजना पर्साले आयोजना गरेको उक्त कार्यक्रममा सम्वोधन गर्दै पूर्व प्रधानमन्त्री नेपालले गौर नगरपालिका र राजदेवी नगरपालिकालाई मिलाएर गौरलाई उपमहानगरपालिका बनाउन सकिने धारणा व्यक्त गरे ।

दुर्गा भगवती गाउपालिका र यमुनामाई गाउपालिकालाई पूर्वाधार विकासको आधारमा नगरपालिकामा परिणत गर्न सकिने बताए। २०५१ सालमा तत्कालीन नेकपा एमालेबाट सरकारमा सहभागी भएको बेला बागमती नदीमा बाध निर्माणको लागि अहम् भूमिका निर्वाह गरेको जिकिर गर्दै नेता नेपालले अहिले पनि निर्माण भएको बांधमा आएको समस्याको चाडै समाधान गर्ने विस्वास व्यक्त गरे ।

निर्वाचित जनप्रतिनिधिहरुलाई पारदर्शी रुपमा जनताको काम गर्न निर्देशन दिदै अध्यक्ष नेपालले भ्रष्टाचार गरे क़ानूनी कारवाही भोग्नु पर्ने समेत चेतावनी दिए ।

कार्यक्रममा सम्वोधन गर्दै शहरी विकास मन्त्री मेटमणि चौधरीले अधुरो रहेको आयोजनाको पुरा गर्न आफू तैयार रहेको समेत बताए। सहरी विकास मन्त्रालयबाट निर्माण भई रहेको योजनाहरुमा निगरानी गर्न समेत आग्रह गरे।

राजदेवी नगरपालिकाका नगर प्रमुख भिखारी प्रसाद यादवको अध्यक्षतामा संपन्न भएको शिलान्यास कार्यक्रममा विकास समितिका संयोजक कल्याणी खडका , सांसद एवं पार्टीका प्रमुख सचेतक सरला यादव , पूर्व मन्त्री बंशीधर मिश्रा , पूर्व सभासद राम कुमार भटराई लगायत सुरक्षा निकायका प्रमुखहरुको सहभागिता रहेको थियो ।

यस अघि पूर्व प्रधानमन्त्री नेपालले गौर नगरपालिका टेण्डर नै नभएको योजना सभा हल र विबाह भवन निर्माणको शिलान्यास गरेका थिए । गौर नगरपालिकामा निर्माण हुने सभा हल राम जानकी मंदिरको जग्गा रहेको र सो जग्गा अहिले सम्म नगरपालिकाको नाउमा रजिस्ट्रेशन समेत नभएको सघन सहरी तथा भवन निर्माण आयोजना पर्साका प्रमुख भट्ट बहादुर थापाले जनाए। योजनाको औपचारिक रुपमा टेण्डर समेत नभएको उनले बताए।

# नक्कली नागरिकतामा अनुसन्धान सुरु

**रञ्जन यादब**

बारा । नक्कली अभिभावक खडा गरेर बारास्थित इलाका प्रशासन कार्यालयबाट एक भारतीय महिलाले नागरिकता प्राप्त गरेको घटनामा छानबिन सुरु भएको छ । वडा कार्यालयको सिफारिसमा इलाका प्रशासन कार्यालय सिमराबाट भारतको दार्जिलिङ्गकी २१ वर्षीय राजनी राईले गत साउन ३१ गते बाराको निजगढ नगरपालिका-१२ रामथली बसोबास देखाइ रजनी गोले नामबाट ३३-०२-०७९-००५१३ नंको नागरिकता लिएको देखिएको छ।




राईलाई जन्मदर्ता र नागरिकता बनाउन वडा सचिव शुभचन्द्र महतो र वडाध्यक्ष ज्ञानबहादुर गोलेले सिफारिस गरेका थिए । निजगढ नगरपालिका वडा नं १२ रतनपुरका स्थानीय एक युवकले भारतीय महिलालाई नेपाली नागरिकता बनाउन सिफारिस गर्ने कर्मचारी र जनप्रतिनिधिलाई कारबाहीको लागि प्रशासनले चासो नदेखाएको भन्दै ज्ञापनपत्र बुझाएका थिए ।

नक्कली अभिभावक खडा गरेर नागरिकता लिने भारतीय महिला रजनी राई र गोले परिवारलाई प्रहरीले खोजी सुरु गरेको छ । नक्कली विवरण भरिएको अनुसूची फारमसहित निजगढ नगरपालिका वडा नं. १२ का वडाध्यक्ष ज्ञानबहादुर गोलेले जेठ २४ गते ईलाका प्रशासन कार्यालयलाई नागरिकताका लागि सिफारिस गरेका थिए। सोही सिफारिसका आधारमा ईलाका प्रशासन कार्यालयले रजनीलाई असार १ गते नागरिकता दिएको हो ।

वडाध्यक्ष गोलेले नक्कली अभिभावक र झुटो विवरणको विषयमा आफूलाई जानकारी नभएकाले चिनजानको हिसाबले विश्वासका आधारमा सिफारिस दिएको बताएका छन् । ईलाका प्रशासन कार्यालय सिमराका प्रमुख मोहनप्रसाद अर्यालले स्थानीय प्रशासनले जारी गरेको नागरिकता बदरका लागि गृह मन्त्रालयमा जानकारी गराइसकेको बताए। असार १ गते नागरिकता प्राप्त गरेकी रजनीलाई हाजिर हुन प्रशासनले पत्र काटे पनि उनी सम्पर्कविहीन भएपछि वडाध्यक्ष र अभिभावकको नाममा अर्को पत्र काटेको थियो ।

रजनीका नक्कली अभिभावक समेत हाल सम्पर्कमा नरहेको ईलाका प्रशासन कार्यालय सिमराले जनाएको छ। राईको जन्म मिति २०५८-११-१५ गते दर्ता रहेको वडा कार्यालयको रेकर्डबाट देखिएको छ। जुन जन्मदर्ता मिति २०७९-०२-२३ गते वडा कार्यालयबाट बनाइएको हो । कीर्ते जालसाजी गरी अभिभावकमा बुबाको नाम श्यामराज गोले र आमाको नाम जीरामाया गोले बनाएर नेपाली नागरिकता लिएको पाइएको छ । झुटो विवरण पेस गरेर भारतीय नागरिक राईलाई नेपाली नागरिकता लिएको घटना खुलेपछि निजगढ-१२ कार्यालयले सो नागरिकता बदरका लागि प्रक्रिया अघि बढाउन इलाका प्रशासन कार्यालय सिमरामा पत्राचार गरिसकेको छ।

# मोटरसाईकलको ठक्करले बोलबम यात्रीको मृत्यु

**टुडे समाचारदाता**

जनकपुरधाम। मोटरसाईकलले ठक्कर दिदाँ एक बोलबम यात्रीको मृत्यु भएको छ। महोत्तरीको औहरी नगरपालिका- ३ श्रीपुर बस्ने बेचन यादवका २० वर्षीय छोरा गौतम यादवलाई मोटरसाईकलको ठक्करले मृत्यु भएको छ।

कमला नदीबाट जल भरेर आफ्ना गाउँमा रहेको शिव मन्दिरमा चल चढाउन आई रहेका वेला यादवलाई धनुषाको मिथिला नगरपालिका-५ श्रीपुरमा तीव्र गतिमा आएको प्रदेश २-०-३-२१प ३३६७ नम्बरको मोटरसाईकलले पछाडिबाट ठक्कर दिएको थियो। ठक्कर लागेर गम्भीर घाईते भएका यादवको घटनास्थलमै मृत्यु भएको थियो।

यता, मोटरसाईकलबाट ठक्कर दिने महोत्तरी बर्दिवास नगरपालिका - १५ का प्रज्वल कुमार नेपालीलाई प्रहरीले पक्राउ गरेको औरही नगरपालिका -३ का वडाध्यक्ष रामकेवल यादवले बताए। यादवको शवलाई पोस्टमाटम पश्चात प्रहरीले परिवारजनलाई जिम्मा लगाएको छ।

# ढकिया, डेलुवा बनाएर मनग्य आम्दानी

**टुडे समाचारदाता**

वीरगन्ज। थारु समुदायका महिलाहरूले घरायसी प्रयोजन र सजावटका विभिन्न सामग्री बुन्ने कामबाट मनग्य आम्दानी गरिरहेका छन्। ढकिया, नुइया, डेलुवा बुन्ने र विक्री पनि गर्ने कार्य गर्दै आएकी प्रतिमा चौधरी भन्छिन्,'जंगलबाट कास लिएर आउछौं, रंगेर अनि सुकाएर विभिन्न रंगीन नुईला, डलीया, सुप्पा, टोपी लगायतका सामग्री बुन्ने काम गर्छौ ।'

उनी भन्छिन्,'आफ्नो इच्छा र अभ्यास चाहिन्छ, चाडवाड, विहेवारी, सगुन सबै कार्यमा यी सामग्रीहरु काम लाग्ने गर्छ ।' खासगरी थारु समुदायमा छोरीको विवाह वा गाउँलेको घरमा हुने विहेवारी , पूजापाठ तथा आफन्तको विवाह यी बनाइएका विभिन्न सामग्री सगुनको रुपमा दिने प्रचलन रहेको छ।

यसले थारु समुदायको मौलिक पहिचान तथा संस्कृति झल्काउने भएकोले यसलाई निरन्तरता दिन पनि बुन्ने कार्यमा अझ निखारता ल्याएको र यसले केही आर्थिक उपार्जनमा पनि टेवा पुर्‍याएको मनोरमा चौधरी बताउँछिन्। थारु समुदायमा प्रायः विवाहका साथै आयोजना हुने विभिन्न कार्यक्रममा सजावट सामग्रीको रुपमा पनि प्रयोग हुने गरेको उनीहरु बताउँछन् । ढकिया, नुइँया, डेलुवा काँस बाट तथा बाँस, जुट लगायतको प्रयोग गरेर पनि त्यस्ता सामग्री बनाउने गरिएको उनीहरुको कथन छ।

परम्परागत सीप प्रयोग गरेर केहीले व्यक्तिगत प्रयोजनका लागि त्यस्ता सामग्री बनाउने गरेका छन् भने कतिपयले बिक्री समेत गर्ने गरेको थारु समुदायका महिलाहरु प्रष्ट गर्छिन् । प्रति सामग्रीको डिजाईन् र लागेको मेहनतको हिसाबले मुल्य तोक्ने गरिएको छ। दउरी, पथीया, डलीया, गेटमा हाल्ने पर्दा लगायतका सामग्री उनीहरुले बनाउँदै आएका छन् । 'आफूले कस्तो खालको आकर्षक डिजाईन सम्म बनाउन सक्छौं । अफ्नो हातको कलामा भर पर्छ। बजार खोज्नै जान पर्दैन । विभिन्न नया डिजाईन मात्रै दिन सके त घरमै आएर सबै सामग्री लिएर जान्छन्,'उनले भनिन्। छोरीको विवाहका लागि मानिसहरू विभिन्न यस्ता सामाग्री किन्न आउने र गाउँघर आसपास रहेका होमस्टे लगायतका होटल लगायतमा पनि सजावटको लागि पनि बिक्री हुने गरेको महिलाहरु बताउँछन्।

पहिलेदेखि नै ढकीया लगायतका सामान बुन्ने, बनाउने थारु समुदायका महिलाहरु परम्परागत रुपमा बुन्दै आएको उक्त सामग्रीमा कच्चा पदार्थवाट आधुनिक डिजाइनका सजावटका सामान पनि बुन्न थालेपछि यसको माग पनि बढेको र थारु समुदायको मौलिक सांस्कृतिक परम्परालाई पनि निरन्तरता दिन सकिएको उनीहरुको भनाइ छ।

सीप, कला संस्कृतिलाई व्यवसायीकरण गर्दै आर्थिक आयआर्जनको पेशा संग पनि जोडेर अगाडि बढेको अनुभव सुनाउदै पर्सा पटेर्वासुगौलीकी कमला राय दास थारु भन्छिन् , 'फुर्सदको समयमा सबै सामग्री बनाउँछौं । राम्रो आकर्षक फुल बुटटा दिन सके त झन् महगोमा हामीले विक्री गर्ने गरेका छौं।

कुनै पनि कार्यमा विहेवारी , सगुन , सामान राख्न वा अरुलाई उपहार दिन सबै कार्यमा यी सामग्रीहरु काम लाग्ने गरेका छन् । र अहिले त अरु समुदायका मानिसहरुले र आफ्नै समुदायमा पनि बुन्न नजान्ने मानिसहरु विभिन्न सामग्रीको लागि अर्डर समेत दिएर जाने गरेका छन्।

थारू समुदाय भित्र रहेको मौलिक कला संस्कृतिहरु लोप हुने संघारमा पुगेको बताउदै थारु समुदाय क्रियाशील भएर आफ्नो भाषा, संस्कृति र पहिचान जोगाउन हस्तकला सामग्री बुन्ने र बेच्ने तथा उपहारमा दिने कार्यलाई निरन्तरता दिन थालेको बताउँछन्। यसले थारु समुदायकै पहिचान बचाउन मदत हुने र महिला सशतिकरण पनि हुने सामाजिक अभियन्ता चौधरी रामशरण खवास थारु बताउँछन्।

जानेका महिलाहरुले नजानेका आफ्ना सन्तान आफन्त तथा साथीसहेलीलाई सिकाउने गरेको र नजानेका सिक्न इच्छुक बालबालिका ,किशोरीहरुले ध्यान दिएर सिक्ने गरेको महिलाहरु बताउँछन् । थारू समुदायको आफ्नै भाषा, संस्कृति, रहनसहन, रीतिरिवाज, लिपि तथा इतिहास रहेको छ। सोहीअनुसार हस्तकलामा पनि थारु समुदाय धेरै अगाडि रहेको छन्।

# जसपाद्धारा मेयरलाई ज्ञापनपत्र

**टुडे समाचारदाता**

जनकपुरधाम । जनता समाजवादी पार्टी (जसपा)ले जनकपुरधामउपमहानगरपालिकाका नगर प्रमुख मनोज कुमार साहलाई ज्ञापनपत्र बुझाएका छन् । सोमबार जसपाका नगर अध्यक्ष विष्णु देव साहले ११ बुंदे माग राख्दै ज्ञापनपत्र बुझाएका छन्।

फोहरमैलाको उचित व्यवस्थापन गर्नुपर्ने र कर्मचारी व्यवस्थापनमा भइरहेको भेदभावको अन्त्य गरी कार्यरत कर्मचारीहरुलाई निरन्तरता दिनु पर्ने जसपाले माग गरेका छन् । वर्षौदेखि कार्यरत कर्मचारीलाई अवैधानिक तरिकाले निष्काशन गरिएको भन्दै अबिलम्व पुनर्बहाली हुनुपर्ने ज्ञापनपत्रमा उल्लेख गरिएको छ।



यस्तै, छाडा चौपयाको उचित व्यवस्थापन, पालिकाबाट सञ्चालन हुने योजना, बैठक अनलाइन मार्फत सार्वजनिक हुनु पर्ने र कृषि तथा कृषकहरुको लागि दीर्घकालीन योजना ल्याउनु पर्ने जसपाले माग गरेका छन् । सुकम्वासीहरुको अविलम्ब उचित व्यवस्थापन गर्नु पर्ने, फुटपाथ व्यवसायीलाई व्यवस्थापन गनुपर्ने र कृषकहरुलाई मल खाद्य समयमा उपलब्ध गराउनु पर्ने ज्ञापनपत्रमार्फत नगर प्रमुखको ध्यानाकर्षण गराइएको छ। कृषि सिंचाई र विद्युतीकरण गर्नु पर्ने, केशरिया रंग र स्थानीय जनकपुरधाम गानले निरन्तरता पाउनुपर्ने माग रहेको छ। जनताको अपेक्षामा कुठाराघात हुँदै गएको ज्ञापनपत्रमा ठहर गरिएको छ। चुनावको बेला जनतासमक्ष गरिएको वाचा नेतृत्वकै कारण पुरा नभएको र जनता थप प्रताडित भएको पत्रमा उल्लेख गरिएको छ । माग पुरा नभए सशक्त आन्दोलन गर्ने चेतावनीसमेत दिइएको छ।

# कापरको हत्या भएको आशंका

**टुडे समाचारदाता**

जनकपुरधाम । सडक दुर्घटनामा मृत्यु भएको भनिएको धनुषा जनकनन्दनी गाउँपालिकामा एक युवकको परिवारजनले दुर्घटना नभइ हत्या गरिएको आशंका गरेका छन् ।

जनकनन्दनी गाउँपालिका पतुनाका ३० वर्षीय मुकेश कुमार कापरको दुई दिन अघि मोटसाईकल दुर्घटनामा मृत्यु भएको थियो। तर मृतकका परिवारजनले सोमवार विहान जनकपुरधाममा पत्रकार सम्मेलन गरी छोराको मोटरसाईकल दुर्घटनामा नभई कसैले हत्या गरी घटनालाई लुकाउन मोटरसाईकल दुर्घटनाको संज्ञा दिएको आरोप लगाए । मृतक कापर करिव दुई वर्षदेखि एनआईसी एशिया वैकमा कार्यरत रहेका थिए।

मृतकका बुबा चुल्हाई कापरले छोरालाई कसैले रिसीबी साध्न हत्या गरेको हुन सक्ने दावी गरे। 'घटनाको प्रकृति हेर्दा मोटरसाइकल दुर्घटनामा ज्यानै जाने गरी दुर्घटना हुन सक्दैन, उनले भने, उनले चलाएको मोटसाईकलपनि ठूलो क्षति भएको छैन । त्यस्तोमा ज्यानै जाने गरी कसरी दुर्घटना हुन सक्छ।' यसैबीच, स्थानीय युवा नेता ईन्जिनियर महेश कुमार यादवले घटनाको सत्य तथ्य छानविन गरी वास्तविकता वाहिर ल्यानुपर्ने माग गरे।

कापरको मृत्यु रहस्यमय रहेको बताउदै नेता यादवले भने,' घटनाको प्रकृति हेर्दा कापरको मृत्यु मोटरसाईकल दुर्घटनामा नभइ कसैले हत्या नै गरेको हुन सक्छ । त्यसकारण यसको वास्तविक सत्यतथ्य वाहिर ल्याउनुपर्छ ।'

केही शक्ति अगामी निर्वाचनलाई प्रभावित गर्न खोजेको उनले आरोप लगाए । यता, घटनाको विषयमा छानविन भइरहेको प्रहरीले जनाएको छ । कापर मोटरसाईकलबाट लडेर गम्भीर अवस्थामा प्रहरीले कापरलाई उद्धार गरी उपचारको लागि प्रदेशिक अस्पताल पुर्‍याएको र पछि कापरको अस्पतालमै मृत्यु भएको ईलाका प्रहरी कार्यालय सबैलाले जनाएको छ।

# ४८ प्रतिशत मुद्दा फर्छ्यौट

**टुडे समाचारदाता**

राजविराज । सप्तरी जिल्ला अदालतले जिम्मेवारी सरेर आएका तथा नयाँ दर्ता भएका ४८ प्रतिशत मुद्दा फर्छ्यौट गरेको छ । आर्थिक वर्ष २०७८/०७९ मा सरेर आएका ४ हजार ३ सय ९६ र नयाँ दर्ता भएका ४ हजार ३ सय २ गरी कुल ८ हजार ६ सय ९८ मध्ये ४ हजार १ सय ३२ मुद्दा फर्छ्यौट गरेको हो ।




अदालतका सूचना अधिकारी भरतमणि पोखरेलका अनुसार उक्त आर्थिक वर्षमा ४ हजार ५ सय ६६ मुद्दा फर्छ्यौट गर्न बाँकी देखिएको छ। फर्छ्यौट गर्न बाँकी देखिएका मुद्दा चालु आर्थिक वर्ष २०७९/०८० का लागि सरेर आएको छ। कोरोना महामारी, स्थानीयतहको निर्वाचन लगायतका विविध कारणले लक्ष्य प्राप्त हुन नसकेको उनले बताए। यद्यपि लक्ष्य प्राप्ति कठिन भएपनि उपलब्ध स्रोत साधन र जनशक्तिको उच्चतम प्रयोग गरी मुद्दा फर्छ्यौट प्रतिशत संतोषजनक अवस्थामा नै पुऱ्याएको उनको तर्क छ।

उनले चालु आर्थिक वर्षमा सरेर आएका मुद्दालाई समय मै फर्छ्यौट गर्न विभिन्न कार्ययोजना बनाएको जानकरी समेत दिए । न्यायिक गतिविधि सरल सहज र व्यवस्थित बनाउन अदालत परिसरमै सूचना तथा सहयोग कक्षको स्थापना र विचौलिया प्रवेश निषेध लगायतका अदालत प्रशासन र न्याय प्रणालीमा सुधारका लागी पनि विभिन्न कार्ययोजना तयार पारिएको अदालतले जनाएको छ।

# युवकको शव फेला

**टुडे समाचारदाता**

सर्लाही । सर्लाहीको हरि पूर्वामा एक युवकको विभत्स ढंगले हत्या गरिएको अवस्थामा सोमबार शव फेला परेको छ।

जिल्लाको दक्षिण पूर्वी भेगमा पर्ने हरिपूर्वा नगरपालिका-३, धनकौल टोल बस्ने रामसोगारथ रायको छोरा १८ वर्षका सुशील कुमार यादवको हत्या भएको हो। सुशीलको शव गाउँकै आधारभूत विद्यालय धनकौलको चर्पी निर्माणका लागि खनिएको गहिरो खाल्डोमा फेला परेको प्रहरीले जनाएको छ।

धारिलो हतियारले घाँटी रेटिएको र छिनो (फलामको रडलाई तिखो पारेर बनाइएको हतियार) ले आँखामा प्रहार गरेर हत्या गरिएको अवस्थामा सुशीलको शव फेला परेको सर्लाही प्रहरीका प्रवक्ता एवं डीएसपी विजय यादवले जानकारी दिए । भारतमा मजदुरी गर्ने सुशील केही दिनअघि मात्रै घर आएका थिए।

सुशील गएको शुक्रबारदेखि नै घरबाट बेपत्ता भएपनि परिवारले प्रहरीमा भने खबर गरेको थिएन । परिवारले सुशील पुनः कामका लागि भारत नै गएको होला भनी प्रहरीमा सूचना नगरी बसेको तर सोमबार बिहान शव फेला परेपछि मात्रै सुशील चारदिन अधिदेखि नै बेपत्ता रहेको खुल्न आएको डीएसपी यादवले बताए।

उनका अनुसार सुशीलको पार्थिव शरीरलाई कीराले खान थालिसकेको अवस्थामा बरामद गरिएको हो । घटनास्थलको प्रकृति मुचुल्का गरी शव पोष्टमार्टमका लागि प्रादेशिक अस्पताल मलंगवा लगिएको छ।

# ट्रयाक्टर दुर्घटना हुँदा १७ जना घाइते

**टुडे समाचारदाता**

जलेश्वर । महोत्तरीमा बोलबमका यात्रु बोकेको दुईवटा ट्रयाक्टर छुट्टाछुट्टै स्थानमा दुर्घटना हुँदा १७ जना घाइते भएका छन् । सोमबार दिउँसो करिब सवा १ बजे महोत्तरीको बर्दिबास नगरपालिका-५ ढुंगेस्थित बोलबम यात्रु बोकेको ज १ त ६१३५ नम्बरको ट्रयाक्टर आफैं अनियन्त्रित भई दुर्घटना हुँदा धनुषाका १२ जना घाइते भएका छन् ।



यस्तै, दिउँसो करिब साढे ३ बजे बर्दिवास ३ पाटुस्थित बोलबम यात्रु बोकेको ना ३ त २०१७ नम्बरको ट्रयाक्टरले विपरीत दिशाबाट आउँदै गरेको ज ११ प ७९१८ नम्बरको मोटरसाइकललाई ठक्कर दिँदा १५ जना घाइते भएको प्रहरी प्रवक्ता प्रहरी नायब उपरीक्षक प्रकाश विष्टले जानकारी दिए।

घाइतेको स्थानीय अस्पतालमा उपचार भइरहेको छ। ठक्कर दिने ट्रयाक्टर चालकद्वय फरार भएकाले उनीहरूको खोजी भइरहेको तथा यस सम्बन्धमा थप अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालय महोत्तरीले जनाएको छ।

# बोक्सी प्रथा विरुद्ध जनचेतना

**टुडे समाचारदाता**

कलैया । समाजमा बोक्सी हुदैन भने भ्रमबाट माथि उठन सबैलाई वडाअध्यक्ष अशोक तिवारीले आग्रह गरेका छन । कलैया उपमहानगरपालिका वडा नम्बर २७ बिजुलपुर स्थित वडा कार्यालयको सभा हलमा आयोजना गरेको मान्छे बोक्सी हुन्न कहिल्यै जनचेतनामूलक कार्यक्रमलाई सम्बोधन गर्दै वडाअध्यक्ष तिवारीले यस्तो कुरा बताएका हुन।

बोक्सी भनेर दिनप्रतिदिन कुटपिट, यातना दिदै आएको सर्वबिदितै रहेको छ । त्यति मात्र होईन बोक्सीको कथित नाममा मानव मलमुत्र समेत खुवाउने कामपनि हुने गरेको पाईन्छ । रुढिबादीमा रुमलेका समाज अहिले पनि भ्रमबाट अछुतु रहेको छैन। सो भ्रमबाट चिर्नका लागि र कुनै मान्छे बोक्सी हुन्न कहिल्यै भन्ने कुरा समाजका ब्यक्तिहरुलाई मनन गराउनका लागि सचेतनामूलक कार्यक्रम मार्फत जानकारी गराएको राष्ट्रिय जागरण प्रतिष्ठान नेपालका अध्यक्ष कोविद शरण उपाध्यायले बताए ।




राष्ट्रिय जागरण प्रतिष्ठान नेपाल, जिल्ला प्रहरी कार्यालय बारा र वडा कार्यालयको संयुक्त आयोजनामा सो सचेतना कार्यक्रम भएको हो। कार्यक्रममा प्रहरी निरीक्षक जयकृष्ण प्रसाद कुर्मीले रुढिबादी परम्परालाई हटाउनका लागि समाजका सबै व्यक्ति अग्रसर हुनुपर्ने कुरामा जोड दिए । बोक्सी हुदैन भने कुराको भान राख्न सबैलाई आग्रह गर्दै प्रहरी निरीक्षक कुर्मीले कोई कसैलाई बोक्सी भनेर कुटपिट , यातना दिए त्यस्ता ब्यक्तिहरुलाई कडा भन्दा कडा कारवाही गर्न प्रहरी अग्रसर हुने कुरामा जोड दिए।

सो कार्यक्रममा वडा सदस्य आल महमद अंसारी, नरेश कुमार कुशवाहा, सचिव प्रमोद कुमार सहनी, पुर्व उप-प्रधान त्रियोगी नारायण राउत, समाज सेवी हृदय नारायण साह, वंशी मियाँ अंसारी, स्थानीयको सहभागिता रहेको थियो । कुनै मान्छे बोक्सी हुन्न कहिल्यै" भन्ने सचेतनामुलक कार्यक्रम चलचित्र माध्यमद्वारा प्रसारण गरी सहभागीहरुलाई देखाएपछि सहभागीहरु अवदेखि समाजमा बोक्सी छैन भने कुरा अरुलाई समेत बुझाउने प्रतिवद्धता ब्यक्त गरेका थिए।

जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.द्वारा प्रकाशित प्रधान सम्पादक : बृजकुमार यादव, ठेगाना : जनकपुरधाम, फोन नं. ०४१-५९११०१, E-mail : jtodaynews@gmail.com, jtodayad@gmail.com, Website : www.ejanakpurtoday.com, जि.प्र.का.ध.द.नं. ९१/०५७/५८